# रोल्पा र रुकुमबाट देखिएका माओवादी, जनता र राज्य

**कियोको ओगुरा**

फेब्रुअरी १९९६ मा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले जनयुद्धको थालनी गरेयता राप्ती अञ्चलका दुई जिल्ला– रोल्पा र रुकुम निरन्तर उनीहरूका क्रियाकलापको केन्द्रमा छन् । १३ फेब्रुअरी १९९६ को दिन अर्थात् माओवादीहरूले जनयुद्धको थालनी गरेको पहिलो दिन उनीहरूले रोल्पाको होलेरी र रुकुमको रादिजुला प्रहरी चौकीमाथि आक्रमण गरी केही राइफल र विस्फोटक पदार्थ जफत गरे ।[१] माओवादीले विद्रोहको थालनी गर्नुअघि नै १९९५ मा ती जिल्लाहरूमा *सिज* र *मितेरी* नामका दुई राजनीतिक अभियानहरू सञ्चालन गरेका थिए । उक्त अभियानका अगुवा नेकपा (माओवादी) का पोलिट ब्यूरो सदस्य तथा २००३ को दोस्रो युद्धविरामकालको वार्ता टोलीका एक सदस्य कमरेड बादल उर्फ रामबहादुर थापा थिए । रुकुमको सिस्ने र रोल्पाको जलजला दुई पहाडको नामको पहिलो अक्षरबाट *सिज* अभियानको नाम राखिएको थियो । दुवै अभियानको उद्देश्य यी दुई जिल्लाका कार्यकर्ताका बीचमा आदान-प्रदान गराई पार्टी सङ्गठनलाई दरिलो बनाउनु थियो । यी आदान-प्रदानअन्तर्गत क्रान्तिकारी गीत र नृत्यहरूको मञ्चन र विद्यालय तथा सडक निर्माणजस्ता कार्यक्रमहरू समावेश गरिएका थिए ।[२]

विद्रोहको सुरुमा र आधार इलाका स्थापना गर्ने क्रममा माओवादीका क्रियाकलापहरू यिनै दुई जिल्लामा केन्द्रित थिए । विद्रोहको पहिलो दुई वर्षमा माओवादी र राज्यद्वारा जम्मा १४६ जना मानिस मारिए । यीमध्ये १०६ जना रोल्पा र रुकुमका थिए ।[३] विद्रोहको सुरुका

[१] माओवादीले त्यसै दिन सिन्धुलीको प्रहरी चौकी र गोरखाको साना किसान विकासको सरकारी कार्यालयमाथि आक्रमण गरी त्यहाँ भएका केही कागजात जलाए ।

[२] यो संयुक्त क्रान्तिकारी जनपरिषद्का सदस्य सन्तोष बूढामगरले दिएको बयान हो ।

[३] यो अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट प्राप्त तथ्याङ्क हो । इन्सेकको तथ्याङ्कमा ८०५७ जनाको नाम सूचीकृत भएको छ जो जनयुद्धको सिलसिलामा १३ फेब्रुअरी १९९६ देखि २ अक्टोबर २००३ सम्ममा राज्य वा माओवादीद्वारा मारिएका थिए । नेपालका ७५ जिल्लामध्ये रुकुममा सबैभन्दा धेरै मानिस अर्थात् ८०८ जना मारिएका थिए भने मारिनेहरूको दोस्रो ठूलो सङ्ख्या ७५० जना रोल्पाका थिए ।

*रूपान्तरण: समाज अध्ययन* २: ३९-७५ कात्तिक २०६२

वर्षहरूमा माओवादीले गाउँमा रहेका प्रहरी चौकीहरूमाथि आक्रमण गर्ने रणनीति अपनाए । यो रणनीति सफल भयो किनभने २००२ को मध्यसम्ममा जिल्ला सदरमुकामहरूमा रहेकाबाहेक सबैजसो प्रहरी चौकीहरू खाली गरिए । यसरी सरकारी उपस्थितिको अभावले गर्दा माओवादीहरू जनतामाथि आफ्नो शासन सजिलै स्थापना गर्न सफल भए ।

मैले २६ फेब्रुअरी र १५ मार्च २००३ को बीचमा माओवादीको आधार इलाकाको गढका रूपमा रहेका रुकुम र रोल्पा जिल्लाको भ्रमण गरेँ । मेरो यो भ्रमणको मुख्य गन्तव्य उत्तर-पूर्वी रोल्पास्थित माओवादीको 'राजधानी' भनेर चिनिने थबाङ थियो । मेरो भ्रमणको मूल उद्देश्य, आफूले सकेको खण्डमा, यो क्षेत्रमा माओवादी विद्रोह सुरु हुनाका गाँठी कारणहरू पत्ता लगाउनु थियो । यो भ्रमणको अतिरिक्त मैले यी दुई जिल्लाबाट काठमाडौँ उपत्यकामा आएर बसेका सान्दर्भिक मानिसहरूसँग अन्तर्वार्ता लिएँ । जुन २००२ मा मैले रोल्पा जिल्लाको सदरमुकाममा अरू त्यस्तै मानिसहरूसँग पनि अन्तर्वार्ता लिएकी थिएँ । यसरी म यो क्षेत्रमा विद्रोहका थुप्रै 'भ्रूणहरू' पत्ता लगाउन समर्थ भएँ ।[४]

रोल्पा र रुकुमका ऐतिहासिक पृष्ठभूमिहरू फरक छन् । रुकुममा ठकुरीको प्रभाव बलियो छ । ह्वेल्पटन (सन् १९९१: ७) का अनुसार एक जातका रूपमा ठकुरीहरूमा गोरखा र अरू पहाडी राज्यका शासक वंश पर्दछन्, जो हामी समथर क्षेत्रहरूमाथि मुसलमान मिचाहाहरूको आक्रमणमा परी भागेर आएका राजपुत शरणार्थीका सन्तान हौँ भनी घोषणा गर्छन् । पञ्चायती युगका 'तीनजना शाह राजनीतिज्ञ' ध्रुवविक्रम शाह, लोकेन्द्रबहादुर शाह र गोपालजी जङ्ग शाहको हैसियतबाट ठकुरीहरूको यो प्रभाव स्पष्ट रूपले छर्लङ्ग हुन्छ, जसबारे पछि चर्चा गरिने छ । यसको विपरीत, रोल्पामा भने ठकुरीको प्रभाव निकै नै कम छ । यो भिन्नता हुँदाहुँदै पनि जनता र राज्यबीचको टक्करको संरचना पञ्चायती शासनदेखि यताको अवधिमा यी दुवै जिल्लामा विभिन्न प्रकारले विकास भएको देख्न सकिन्छ । यो लेखमा, मूलत: मैले अन्तर्वार्ता लिएका मानिसका बकपत्रहरूका आधारमा म यी दुई जिल्लामा कसरी विद्रोहका 'भ्रूणहरू' बिस्तारै-बिस्तारै विकसित भएर फस्टाए भन्ने कुरा देखाउन कोसिस गर्नेछु ।

## पश्चिमी रुकुमस्थित खोलागाउँमा माओवादी शासन

### *प्रहरीद्वारा सिर्जना गरिएको राज्यविरोधी भावना*

काठमाडौँबाट बाइस घण्टाको बस यात्रापछि हामी सल्यान जिल्लाको सीतलपाटी भन्ने ठाउँमा पुग्यौँ । मसँग काठमाडौँबाट तीनजना माओवादी आएका थिए जसमध्ये एकजना माओवादीको मुखपत्र *जनादेश* साप्ताहिकका पत्रकार थिए ।[५] २९ जनवरी २००३ को राति दुवै पक्षबाट युद्धविरामको घोषणा भएको एक महिना बितिसकेको भए पनि माओवादीहरूले मलाई बाटामा हामीसँग कुराकानी नगर्नू भनेर अनुरोध गरेका थिए । तर सीतलपाटीमा पुगेपछि भने उनीहरूले मलाई अब हामी हाम्रो आधार इलाकामा पस्यौँ, त्यसकारण खुला

[४] माओवादी विद्रोहका कारणहरू पत्ता लगाउन गरिएका अरू दुईओटा मूल्यवान् प्रयासहरूबारे जान्नका लागि दे सेल्स (२००३) र जर्सोनी (२००३), महर्जन (२०००) र थापा (२००३) पनि हेर्नुहोस् ।

[५] म युद्धविरामको घोषणापछि काठमाडौँमा माओवादी कार्यकर्ताहरूसँग सम्पर्क गाँस्न समर्थ भएकी थिएँ ।

रूपले कुरा गरे हुन्छ भने । माओवादीहरूले फेब्रुअरी २००२ मा यो बजारनजिकै सीतलपाटीमा रहेको प्रहरी चौकीमाथि आक्रमण गरी त्यहाँ तैनाथ गरिएकामध्ये झन्डै आधा अर्थात् ३५ जना प्रहरीको ज्यान लिएका थिए ।[६] उक्त घटनापछि प्रहरीहरू त्यो बजारमा बस्न छोडेछन् । हामी अर्को बसमा चढेर उत्तरतिर लाग्यौँ र बसको अन्तिम बिसौनीपछि सल्यानको थारमारे गाविसमा पुग्यौँ । त्यहाँको एकमात्र प्रहरी चौकी होलेरीमा जुलाई २००१ मा भएको घटनापछि गाउँबाट हटेको थियो ।[७] हामीले रुकुमका केही स्थानीय माओवादीहरू सम्पर्क गर्न आउलान् भनेर बाटो हेर्दै त्यहाँ दुई रात बितायौँ । यहाँनेर मलाई के थाहा भयो भने हामीलाई एउटा जनसभामा भाग लिन पश्चिम रुकुमतिर लगिँदै थियो जुन सभामा रुकुम जिल्लाको नवनिर्वाचित जिल्ला जनसरकारको घोषणा हुने कार्यक्रम थियो ।

हाम्रा लागि थारमारेको माओवादी जनसरकारले सानो बिदाइ कार्यक्रमको आयोजना गर्‍यो ।[८] बिदाइको क्रममा सानो जनभेलाका अगाडि हामीलाई फूलमाला र रातो टीका टक्र्याइयो (पछि रुकुमकोट र थबाङमा पनि मलाई त्यस्तै सत्कार गरियो) । हामी पैदल रुकुमतिर लाग्यौँ । दिनभरिको हिँडाइमा हामी पूर्वाधारका अनेकौँ उदाहरण हेर्दै अघि बढ्यौँ । ती पूर्वाधारहरूलाई उनीहरूले *नयाँ सत्ता* [९] अर्थात् स्थानीय जनसरकार भन्ने गरेका छन् । सल्यानको बालचौर गाविसदेखि रुकुमको खोलागाउँ गाविससम्म करिब २० किलोमिटर लामो गोरेटो भर्खरै पूरा भएको थियो । जरीखोला नदीको किनारै-किनार गएको त्यो गोरेटो दुईओटा गाउँ जनसरकारको निर्देशनमा स्थानीय जनताले बनाएका थिए । हामी *नयाँ सत्ता*ले बनाएका केही काठे पुल तरेर अघि बढ्यौँ । खोलागाउँ गाविसमा पुग्दा बेलुकाको सात बजिसकेको थियो । त्यहाँ नदीछेउमा टाँगिएको ठूलो पालभित्र उनीहरूको आफ्नो पावर प्लान्टको धमिलो प्रकाशमा रुकुम जिल्ला जनसरकारको गोप्य बैठक चलिरहेको थियो ।

खोलागाउँमा सेता मूलाका फुल ढकमक्क फुलेका थिए । क्षेत्री र मगर समूहको सबैभन्दा बढी जनसङ्ख्या भएको त्यो गाउँका बासिन्दा मूलाको बीउ बेचेर अलिकति आम्दानी हात पार्छन् । खोलागाउँ राम्रो गुणस्तर भएको सागसब्जीको उत्पादन गर्ने गाउँको रूपमा पनि यो क्षेत्रमा प्रख्यात छ । १९५० को राणा शासनविरोधी आन्दोलनमा नेपाली काङ्ग्रेसका फौजले कब्जा गर्नुभन्दा पहिले त्यो गाउँमा जाजरकोटका राजाको शासन

---

[६] उक्त कारबाहीमा सहभागी एवं माओवादी महिला सङ्गठनको केन्द्रीय समितिकी एक सदस्यको भनाइअनुसार आक्रमणमा पाँचसय जति माओवादीहरू संलग्न भएका थिए जसमध्ये छजनाले ज्यान गुमाए । यी महिलालाई मैले थारमारेमा भेटेकी थिएँ । उनका लोग्ने १९९८ मा रुकुममा प्रहरीबाट मारिएका थिए । अनि उनीहरूको एकमात्र सन्तान पाँच वर्षकी छोरीको पालन-पोषण एउटा माओवादी विद्यालयमा भइरहेको थियो ।

[७] माओवादीले दक्षिणी रोल्पाको होलेरीस्थित प्रहरी चौकीमा आक्रमण गरी ७० जना प्रहरीलाई अपहरण गरेका थिए । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अपहरित प्रहरीहरूको उद्धारका लागि शाही नेपाली सेना परिचालन गर्न राजासँग बिन्ती चढाए तर सेना परिचालन गरिएन । गिरिजाले त्यसको लगत्तै राजीनामा गर्नुका पछिल्तिर यो एउटा कारण थियो ।

[८] थारमारे जनसरकारका प्रमुखको भनाइअनुसार यसको गठन जुलाई २००० तिर भएको थियो । यी तृतीय प्रमुख थिए । मैले त्यो भेगको भ्रमण गरेको बेला सल्यानका ४७ गाविसमध्ये ४३ गाविसमा जनसरकारको स्थापना भएको थियो ।

[९] माओवादीहरू सरकार र राजा लगायतको राज्यसत्तालाई पुरानो सत्ता भन्ने गर्छन् । दोस्रो शान्तिवार्ताको बेला माओवादीले वार्ता आ-आफ्नै सेना भएका दुई सत्ताको बीचमा अर्थात् शाही नेपाली सेना भएका राजा र जनमुक्ति सेना भएका माओवादीको बीचमा हुनुपर्छ भनी दाबी गरेका थिए ।

चलेको थियो । त्यसपछि लगभग १९८० सम्म पनि जमिन्दारका कारिन्दाहरू गाउँमा तिरो उठाउन आउने गर्थे । नेपाली काङ्ग्रेसले जगाएको व्यवस्थाविरोधी भावना पञ्चायती राजको समयमा सतहमा उत्रिएन किनभने १९९० मा प्रजातन्त्रमुखी आन्दोलन नथालिउञ्जेलसम्म गाउँमा यो पार्टीको सङ्गठन थिएन । १९९० को राजनीतिक परिवर्तनले नेपाली काङ्ग्रेस, संयुक्त जनमोर्चा नेपाल[10] लगायत केही पार्टीहरूलाई गाउँसम्म ल्याइपुऱ्यायो । त्यसैताक राजनीतिक टक्कर सुरु भयो जसको परिणामस्वरूप हत्याको एउटा घटना भयो । भदौ (अगस्त-सेप्टेम्बर) १९९४ मा जनमोर्चाका समर्थकहरूद्वारा खोलागाउँका भूतपूर्व कारिन्दा तथा भूतपूर्व प्रधानपञ्च गणेश शाह मारिए । खोलागाउँका एकजना माओवादी कमरेड मञ्जिलले गणेश शाह मारिनुको कारणको व्याख्या यसरी गरे:

> पञ्चायती राजमा गणेश शाह मुखियासितको सम्बन्धको फाइदा उठाएर प्रधानपञ्च बन्यो अनि उसले गाउँलेलाई आफ्नो लागि काम गर्न बाध्य गरायो । उदाहरणको कुरा गर्ने हो भने उसले गाउँलेलाई आफ्नो घर बनाउने ढुङ्गा बोक्न लगायो । १९९० पछि ऊ नेपाली काङ्ग्रेसमा छिऱ्यो अनि आफ्नो सुरक्षाका लागि प्रहरी चौकी आफ्नै घरमा साऱ्यो । उसले प्रहरी बल प्रयोग गरी आफ्ना राजनीतिक विरोधीहरूलाई गाउँबाट लखेट्न कोसिस गऱ्यो । त्यसैले वर्ग सङ्घर्षको एक भागको रूपमा उसको हत्या गरियो ।[11]

मेरो खोलागाउँ बसाइको दोस्रो दिन साँझपख राज्यद्वारा मारिएका २० जना पीडित परिवारका सदस्यहरू एक ठाउँमा भेला भए । तीनजना गैरमाओवादी र एकजना माओवादीप्रति सहानुभूति राख्ने समेत गरी ती सबै २० जना पीडितहरू विद्रोहलाई नियन्त्रण गर्न मे १९९८ मा सुरु गरिएको *किलो सेरा टु* नामक प्रहरी कारबाहीको क्रममा र त्यसपछि मारिएका थिए ।[12] पीडितका परिवारका कतिपय सदस्यहरूले राज्यले आफ्नो परिवारका सदस्यलाई मारेको हुनाले आफू माओवादीमा लागेको बताए । ६४ वर्षकी एक बृद्ध महिलाको मुद्दा मौलिक खालको थियो । अक्टोबर १९९८ को तिहारमा देउसी खेलिरहेको बेला उनका दुवै छोरालाई अरू तीनजना गाउँलेहरूसँग एकै ठाउँमा मारिएको थियो । उनको २५ वर्षको जेठो छोरो भारतमा एक वर्षसम्म मजदुरी गरेर भर्खरैमात्र घर फर्केको थियो । उनी आफ्ना छोराहरूको मृत्यु

---

[10] संयुक्त जनमोर्चा नेपाल भूमिगत पार्टी नेकपा (एकता केन्द्र) को खुला राजनीतिक मोर्चा थियो । मे १९९४ मा जनयुद्ध थाल्ने विषयमा मतभिन्नता उत्पन्न भई नेकपा (एकता केन्द्र) फुटेर दुई समूह भयो जसमध्ये एक समूहको नेतृत्व निर्मल लामाले र अर्को समूहको नेतृत्व प्रचण्ड (पुष्पकमल दाहाल) ले गरेका थिए । जनमोर्चा पनि दुई समूह भयो र बाबुराम भट्टराईले नेतृत्व गरेको समूह चाहिँ प्रचण्डको समूहमा सामेल भयो अनि उनीहरूले जनयुद्धको थालनी गर्नका लागि मार्च १९९५ मा नेकपा (माओवादी) को गठन गरे ।

[11] नेपाली काङ्ग्रेसका अर्का सदस्य रुकुम जिल्ला विकास समितिका भूतपूर्व सभापति हरिभक्त ओली माओवादीद्वारा १५ जनवरी १९९९ मा मारिए । मन्जिलको भनाइअनुसार जनतालाई झुठा आरोप लगाएर जेल पठाएका हुनाले उनी मारिएका थिए ।

[12] सरकारले यो कारबाही भएको हो भनेर कहिल्यै स्वीकार गरेको छैन । रुकुम जिल्ला जनसरकारका प्रमुख सरुन बाठामगरका अनुसार उक्त कारबाहीको क्रममा रुकुममा मात्र प्रहरीद्वारा ५० देखि ६० जना मारिएका थिए । तीमध्ये अधिकांश माओवादी नभएर जनसाधारण थिए भनी उनले बताए । उक्त कारबाहीपछि सुरक्षा फौजद्वारा मारिनेहरूको सङ्ख्या छिट्छिटो बढेर गयो ।

भएको नौ महिनापछि पार्टीमा लागिन् र महिला मोर्चाको सदस्य बनिन् । उनले दृढतासाथ भनिन्– "अब मेरा छोरा त छैनन् तैपनि पार्टी कमरेडहरू खेतीपाती गर्न र घर बनाउन हामीलाई सघाइरहेका छन् । अब पार्टी नै मेरो छोरो हो र मेरा छोराहरू नै पार्टी हुन् ।"

जुम्लामा नोभेम्बर २००२ मा भएको आक्रमणमा[१३] आफ्नो लोग्ने गुमाएकी एउटी १९ वर्षकी केटीले राज्यप्रति गहिरो घृणा देखाउँदै भनिन्– "म सधैँ शत्रुसित कसरी बदला लिने होला भनेर सोचिरहेकी छु ।" तपाईंको शत्रु को हो भनेर मैले सोध्दा उनले– "जो-जो राज्यसत्तामा छन् ती सबै हुन्" भनेर जबाफ दिइन् । आफ्नो लोग्नेको मृत्युपछि उनी पनि माओवादी महिला मोर्चामा सामेल भएकी हुन् । पीडितका परिवारजनका अनुहारमा दुःख बिरलै देखिन्थ्यो । फेब्रुअरी २००० मा रोल्पाको घर्तीगाउँस्थित प्रहरी चौकीमाथि भएको आक्रमणमा[१४] आफ्नो दाजु गुमाएका १८ वर्षका एकजना युवाले भने– "दाजु मरेको खबर सुन्दा पनि मलाई एकरत्ती दुःख लागेन किनभने क्रान्तिको समयमा कुनै पनि बेला यस्तो हुनसक्छ भन्ने मलाई थाहा थियो ।" उनका दाजु, गणेश शाहको हत्याको आरोपमा पक्राउ गरिएकाहरूमध्ये एकजना थिए । हिन्दु धर्मप्रतिको गहिरो घृणाले माओवादी पार्टीमा सामेल हुन उनलाई प्रेरित गरेको थियो । उनीहरू दलित समुदायका हुन् । यी भाइ आफ्नो दाजुको मृत्युपछि माओवादीको दलित मुक्ति मोर्चाको सदस्य बने ।

५८ वर्षकी एक महिलाको कथा झनै विशेष किसिमको थियो । माओवादीको किसान मोर्चाको सदस्य रहेका उनका लोग्नेलाई १९९९ मा प्रहरीले गाउँमै मारेका थिए । त्यसको एक महिनापछि महिला मोर्चाकी सदस्य रहेकी उनकी जेठी छोरी पनि गाउँमै मारिएकी थिइन् । अनि उनकी माइली छोरीको चाहिँ फेब्रुअरी २००२ मा अछाम जिल्लाको मङ्गलसेनमा गरिएको आक्रमणमा मृत्यु भयो ।[१५] उनी स्वयंलाई पनि प्रहरीले अनेक पटक यातना दिएका थिए । अहिले उनीबाहेक परिवारका बाँकी सबै सदस्यहरू– उनका दुईओटा छोरा र १४ वर्षकी कान्छी छोरी सक्रिय माओवादी बनेका छन् । त्यहाँका सर्वसाधारण जनतामा पनि राज्यप्रति घृणाको भावना देख्न सकिन्थ्यो । खोलागाउँमा दुई रात मसँग एउटै कोठामा सुतेकी एउटी महिला यसको उदाहरण हुन् । ओछ्यानमा पल्टेपछि अँध्यारोमा उनले मलाई भनिन्:

> गाउँमा प्रहरी चौकी भएको बेला प्रहरीले माओवादी लुकेका होलान् भन्ने शङ्काको भरमा हाम्रो घरमा छापा मार्लान् भनेर राति हामी बत्ती बाल्न पनि डराउँथ्यौँ । यो कोठामा एक्लै सुत्नुपर्ने हुँदा म हँसिया छेउमा राखेर सुत्थेँ । यो गाउँमा राज्यविरोधी भावना जगाएको निश्चय नै प्रहरीको बर्बरताले हो ।

---

[१३] उक्त आक्रमणमा माओवादीले सीडीओ र तीनजना जनसाधारण लगायत ४२ जनालाई मारे ।

[१४] यो माओवादीद्वारा प्रहरी चौकीमाथि गरिएको पहिलो ठूलो आक्रमण थियो । त्यहाँ तैनाथ ३९ प्रहरीमध्ये एकजना इन्सपेक्टर समेत गरी जम्मा १५ जना मारिएका थिए ।

[१५] यो मार्च २००४ मा म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा आक्रमण (हेर्नुहोस् ओगुरा २००५) गरिनुभन्दा अघिको सबैभन्दा ठूलो माओवादी सैनिक कारबाही थियो । उनीहरूले एकैसाथ मङ्गलसेनस्थित सैनिक ब्यारेक, जिल्ला प्रहरी कार्यालय र सीडीओ कार्यालयका साथै अछाम जिल्लाको साँफेबगरस्थित एयरपोर्टमाथि आक्रमण गरी सीडीओ लगायत १४० जनाको ज्यान लिए । सैनिक ब्यारेकहरूमा एकजना क्याप्टेन लगायत ५५ जना मारिए । चारजना मात्र जिउँदै भाग्न सफल भए ।

## *जनसरकार*

३ मार्च २००३ को दिन खोलागाउँदेखि उतातिर चौरजाहारी बजारको माध्यमिक विद्यालयको प्राङ्गणमा जनसभाको आयोजना गरिएको थियो । जनसभा दिउँसो सुरु भयो जसमा छिमेकी गाउँका हजारौँ मानिसले भाग लिएका थिए । सभामा जननिर्वाचित संयुक्त जिल्ला जनपरिषद् रुकुम अर्थात् रुकुम जिल्ला जनसरकारका २५ जना सदस्यहरूको चिनारी गराइयो ।[१६] खोलागाउँमा भएको परिषद्को पहिलो बन्द सत्रपछि निर्वाचन भएको थियो । डिसेम्बर २००० मा पहिलो जिल्ला स्तरीय जनसरकार गठनभएपछिको यो तेस्रो जनसरकार थियो । जनसरकारका प्रमुख सरुन बाठामगरको भनाइअनुसार पार्टीले तोकेबमोजिम परिषद्को साविक कार्यकाल दुई वर्ष थियो । तर त्यो बेलादेखि उनीहरू प्रत्येक वर्ष निर्वाचन गराउँदै आएका थिए किनभने उनीहरू युद्धको स्थितिमा भएका हुनाले केही महिनापछि कतिपय सदस्यहरूलाई अर्को क्षेत्रमा सरुवा गर्नुपर्ने अवस्था आइलाग्न सक्थ्यो । जिल्लाको सदरमुकाम खलङ्गाबाहेक रुकुमका सबै गाविसमा माओवादीले आफ्नै सरकार गठन गरिसकेका छन् । तीन महिनाअघि मतदानबाट आ-आफ्नै गाउँमा निर्वाचित ३७ ओटा गाउँ जनसरकारका प्रतिनिधिहरूले[१७] परिषद्को यो तेस्रो बैठकमा भाग लिएका थिए । उनीहरूले एक प्रमुख, एक उपप्रमुख र १२ क्षेत्रका प्रतिनिधिहरू लगायत किसान, विद्यार्थी, महिला, दलित, बुद्धिजीवी, सांस्कृतिक समूह, उद्योगपति (जसमध्ये धेरैजसो व्यापारी थिए), मगर[१८] र जनमुक्ति सेनाजस्ता विभिन्न मोर्चाका प्रतिनिधिहरू समेत गरी २५ जना जिल्ला परिषद् सदस्यको निर्वाचन गरे । माध्यमिक विद्यालयका भूतपूर्व शिक्षक ३८ वर्षीय सरुन बाठामगर[१९] दोस्रो कार्यकालका लागि सर्वसम्मतिबाट प्रमुख निर्वाचित भए ।

सरुन बाठा मगरको भनाइअनुसार जनयुद्धको थालनी भएको एक वर्षपछिदेखि नै आफ्नो सङ्गठन राम्रो भएका रुकुमका गाउँहरूमा माओवादीले स्थानीय जन समितिहरू गठन गर्न थालेका थिए । सुरुमा पार्टीले समितिका सदस्यहरू मनोनित गर्थ्यो तर अगस्त १९९९ तिर उनीहरूले गाउँ स्तरीय जनसरकारको निर्वाचन गर्न थाले । रुघा र खारा गाविस जोडिएको ठाउँमा पहिलो निर्वाचन भएको थियो । त्यसपछि उनीहरूले अरू थुप्रै गाउँमा निर्वाचन गराए । डिसेम्बर २००० मा रुकुमका सबै गाउँ जनसरकारका प्रमुख र उपप्रमुखहरूले भेला भएर पहिलो जिल्ला स्तरीय जनसरकार गठन गरे । वास्तवमा त्यो नेपालभरिकै पहिलो माओवादी जिल्ला स्तरीय जनसरकार थियो ।

---

[१६] जिल्ला जनसरकारका २५ सदस्यमध्ये महिला तीनजना मात्र थिए । निर्वाचित हुनेहरूमा १२ जना मगर, दुईजना दलित, पाँचजना क्षेत्री र छजना बाहुन थिए ।

[१७] नेकपा (माओवादी) ले अप्रिल २००२ मा रुकुमका सात गाविस र रोल्पाका छ गाविसलाई मिलाएर अलग्गै विशेष जिल्ला निर्माण गर्‍यो (उक्त गाविसहरूका नाम तल दिइएका छन्) । त्यसकारण उक्त भेलामा यी गाविसहरूको प्रतिनिधित्व गराइएको थिएन ।

[१८] रुकुम र रोल्पा दुवै जिल्लामा मगरहरू सबैभन्दा ठूलो जातीय समूहमा पर्छन् ।

[१९] १९९९ को जनवरीसम्म उनी बन्फिकोट गाविसको माध्यमिक विद्यालयमा अङ्ग्रेजी पढाउँथे । कलेजमा पढ्ने क्रममा उनी कम्युनिस्ट भए । उनको भनाइअनुसार क्रान्तिको आवश्यकता नै आफूलाई कम्युनिस्ट पार्टीमा सामेल हुन प्रेरित गर्ने कुरा थियो ।

जनसभाका प्रमुख अतिथि सन्तोष बूढामगर[२०] थिए जो संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपाल[२१] अर्थात् माओवादी केन्द्रीय जनसरकारका सदस्य तथा मगराँत राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष थिए। ४२ वर्षका थबाङ्गी यी नेता पनि भूतपूर्व शिक्षक हुन्। उनले परिषद्का सबै सदस्यलाई रातो टीका लगाइदिएपछि जनभेलाका अघिल्तिर उभिएर दुई घण्टा लामो भाषण गरे। उनको भाषणको मुख्य विषय केही समयपछि सरकारसँग सुरु हुने शान्ति वार्ता थियो। उनले आफ्नो भाषणमा तत्कालीन स्थितिको विश्लेषण गर्दा अरू माओवादी नेताहरूले प्रयोग गर्ने तर्कहरूकै प्रयोग गरे:

> यो देशमा दुईओटा सत्ता छन्। नयाँ सत्तासँग जनसेना छ र पुरानो सत्तासँग शाही सेना छ। हाल यी दुई सत्ताको शक्ति बराबरी छ। त्यसैले गर्दा हामीले यी दुई सत्ताको बीचमा हुने वार्ताको टेबुलमा आउनु परेको हो। ...युद्ध रोक्ने उपाय खोज्नका लागि हामी फेरि वार्ताको टेबुलमा आएका छौँ। बिरालालाई भाग्ने बाटो नछाडिकन घेरामा पारियो भने त्यसले मानिसलाई नै झम्टिन्छ। हामीले गणतन्त्रको माग थाती राखिसकेका छौँ र बहुदलीय प्रणाली स्वीकार गर्ने कुरालाई स्पष्ट पार्दै आएका छौँ। त्यसकारण सरकारले पनि छूट दिनु जरुरी छ। हाम्रो अन्तिम माग संविधान सभाको निर्वाचन गराउनु हो।[२२]

पार्टी नेतृत्वको दृष्टिमा जनसेना अर्थात् जनमुक्ति सेना[२३] सम्बन्धी मुद्दा पनि महत्त्वपूर्ण देखियो। जनसभापछि 'सिस्ने सांस्कृतिक परिवार' नामक उनीहरूको सांस्कृतिक समूहले बिहान तीन बजेसम्म 'शाही सेनाका परिवार र जनसेनाका परिवार' शीर्षकको झन्डै तीन घण्टा लामो नाटक देखायो। सन्तोष बूढामगरले मलाई पछि बताएअनुसार त्यो हास्य नाटकको माध्यमबाट उनीहरूले नेपालमा विदेशी हस्तक्षेप बढिरहेको र विदेशी शक्तिलाई

---

[२०] उनी मार्च २००१ मा गठन गरेर मे २००१ मा घोषणा गरिएको रोल्पा जिल्ला जनसरकारका पहिलो प्रमुख हुन्। साथै नेकपा (माओवादी) को केन्द्रीय समितिका सदस्य पनि हुन्।

[२१] माओवादीले २३ नोभेम्बर २००१ को राति दाङ जिल्लाको घोराहीस्थित सैनिक ब्यारेक र जिल्ला प्रहरी कार्यालयमाथि आक्रमण गरी सैनिक कारबाही फेरि जारी राखेका थिए। उनीहरूले ३७ सदस्यीय केन्द्रीय जनसरकार (संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपाल) गठन गरिएको घोषणा पनि त्यसै रात गरे। डा. बाबुराम भट्टराई उक्त परिषद्का प्रमुख बने। उक्त परिषद् घोषणा गरिनुभन्दा तीन महिनाअघि रोल्पाको कुरेली गाविसमा आयोजित सम्मेलनबाट गठन गरिएको थियो।

[२२] संविधान सभाको निर्वाचन माओवादीको मुख्य माग हो जसले नयाँ संविधान बनाउने छ। माओवादी वार्ता टोलीका सदस्य रहेका कृष्णबहादुर महरासँग मार्च २००३ मा मैले लिएको एउटा अन्तर्वार्तामा आफूहरूले गणतन्त्रको स्थापना गर्ने अन्तिम उद्देश्यलाई अझै नत्यागेको तर नेपालमा कस्तो किसिमको राजनीतिक प्रणाली चाहिन्छ भन्ने कुरा संविधान सभामार्फत जनताले निर्णय गरेको देख्न चाहेको बताएका थिए।

[२३] म रुकुम र रोल्पा जानुभन्दा केही समयअघि पश्चिम नेपालमा भर्खरै जनमुक्ति सेनाको पहिलो डिभिजनको निर्माण गरिएको थियो। त्यो बेला तीनओटा ब्रिगेड थिए। युद्धविराम कालमा जनमुक्ति सेनाको आकार निश्चय नै बढेर गयो। २००४ को सुरुमा माओवादीका दुईओटा डिभिजन, सातओटा ब्रिगेड र नौओटा बटालियन थिए। रोल्पामा अगस्त महिनामा भएको केन्द्रीय समितिको एक साता लामो बैठकपछि जारी गरिएको वक्तव्यमा प्रचण्डले केन्द्रीय नेपालमा अर्को डिभिजनको निर्माण गरी तीनओटा डिभिजन, नौओटा ब्रिगेड र २९ ओटा बटालियन पुऱ्याइएको खुलासा गरेका थिए। मैले सेप्टेम्बर २००४ मा रोल्पामा भेटेका केही माओवादीहरूले पासाङको कमानमा रहेको नवनिर्मित केन्द्रीय डिभिजनले पश्चिममा रोल्पा र रुकुम लगायत पूर्वमा काठमाडौँ उपत्यकासम्म समेट्ने कुरा बताए। प्रचण्डले आफ्नो वक्तव्यमा जिल्ला तथा क्षेत्रीय मुख्यालयहरूअन्तर्गत आफ्नो एक लाख जनमिलिसियालाई कम्पनी तहको फौजमा विकास गर्ने निर्णय भएको कुरा खोलेका थिए।

हराउनका लागि शाही नेपाली सेना र जनमुक्ति सेनाले मिलेर लड्नुपर्ने सम्भावना भएको सन्देश दिन खोजेको बताए । उनको तर्क यथार्थपरक नलाग्न सक्छ तर त्यसमा जनमुक्ति सेनाको भविष्यसम्बन्धी पार्टीको धमिलो नीति भने झल्किन्छ । फेरि अर्को युद्धविराम भएको खण्डमा जनमुक्ति सेनाको भविष्यको प्रश्न निश्चय नै दुवै पक्षले सामना गर्नुपर्ने सबैभन्दा ठूलो मुद्दा हो । यो मुद्दाबारे सरुन बाठामगरलाई मैले सोध्दा जबाफमा उनले भने:

> अहिले राजा शाही सेनाका सर्वोच्च सेनापति छन् तर कुनै पनि सेना व्यक्तिको नियन्त्रणमा रहनु हुँदैन, त्यो त संस्थाको नियन्त्रणमा पो रहनु पर्छ । त्यसकारण दुवै सेनालाई मिलाएर संसदको नियन्त्रणमा रहने गरी राष्ट्रिय सेनाको निर्माण गरियोस् भनी हामी माग गर्नेछौँ । यसको अर्थ हो, दुईओटा सेनाले एउटै नीति र एउटै कमाण्डअन्तर्गत रहेर काम गर्नेछन् । हाम्रो उद्देश्य पूरा नहुञ्जेल हामी आफ्ना हतियार त्याग्ने छैनौँ ।

माओवादी सरकारले भर्खरैमात्र राज्यको रूपमा कार्य गर्न थालेजस्तो देखिन्थ्यो किनभने उनीहरूले हालैमात्र परिषद्को बैठकमा रुकुम जिल्लाको लागि पहिलो पटक २३ लाखको वार्षिक बजेट पारित गरेका थिए ।[२४] नवनिर्वाचित प्रमुख सरुन बाठामगरले राजस्व मूलतः करबाट सङ्कलन गरिएको बताए । उनीहरूले गाउँलेले जमिन खरिद गर्दा कुल मूल्यको दुई प्रतिशत र व्यापारीले आफ्नो आम्दानीको पाँच प्रतिशत कर बुझाउनुपर्ने नियम बनाएका थिए । उनले व्यापारीबाट आम्दानीसम्बन्धी उनीहरूका निजी भनाइका आधारमा कर सङ्कलन गर्ने बढी लचिलो ‘व्यापारिक नीति’ अपनाएको कुरा बताए । परिषद्ले उक्त बजेट मुख्यतया सिँचाइ गर्ने कुला र सडकजस्ता पूर्वाधार निर्माण गर्ने काममा खर्च गर्नेछ । प्रमुखले जिल्लामा रहेका दुईओटा लघु जलविद्युत पावर प्लान्टमाथि थप गर्नका लागि अरू पाँचओटा जलविद्युत पावर प्लान्टको निर्माण गर्ने आफ्नो योजना रहेको पनि बताए । उनीहरूले २००२ मा दुली गाविसमा जनसरकारद्वारा सञ्चालन गरिने दुईओटा प्राथमिक विद्यालय पनि खोलेका थिए । यस अतिरिक्त, उनले एक वर्षभित्र अरू तीनओटा विद्यालय खोल्ने आफ्नो योजना भएको पनि बताए । ती विद्यालयमा बालबालिकालाई कृषि र हस्तशिल्पजस्ता विषयमा व्यावहारिक शिक्षा दिइने योजना थियो ।[२५]

सरुन बाठामगरलाई मैले जनसरकारको मुख्य काम के हो भनेर सोध्दा उनले जबाफ दिए:

> हामीले गर्नुपर्ने केही काम छन् । जस्तो कि पूर्वाधारको विकास-निर्माण तथा सामाजिक सेवाका कामहरू । तर सबैभन्दा महत्त्वपूर्ण काम चाहिँ जनतालाई राजनीतिबारे सचेत बनाउनु हो । हाम्रो पहिलो प्राथमिकता राजनीति हो अनि त्यसपछि मात्र विकास र अरू कामहरू आउँछन् । राजनीतिले

---

[२४] *जनादेश* (२४ मार्च २००३) मा प्रकाशित एउटा लेखअनुसार विशेष जिल्ला, रोल्पा, दाङ र सल्यानका जिल्ला स्तरीय जनसरकारहरूले पनि पहिलो पटक क्रमशः ७० लाख, ५२ लाख, ३५ लाख र २३ लाखको बजेट पारित गरेका थिए । चाखलाग्दो कुरा के भने भर्खरै स्थापित भएको विशेष जिल्लाको भागमा सबैभन्दा ठूलो बजेट परेको थियो ।

[२५] सेप्टेम्बर २००४ मा पश्चिमी रोल्पाको भ्रमण गर्दा मलाई माओवादीले रोल्पा र रुकुम जिल्लामा ३६ ओटा जनवादी (कम्युनिस्ट) विद्यालय खोलेको कुरा थाहा भयो । ती विद्यालयमा उनीहरू साम्यवादी विचारधारा लगायत नयाँ पाठ्यक्रमको आधारमा शिक्षा दिन्थे ।

> अरू सबै कुराको नेतृत्व गर्नुपर्छ भन्ने हामीलाई लाग्छ । हामी जनतालाई विकास कार्य आफै गर्नका लागि राजनीतिक अभियानहरूमार्फत सिकाउन खोजिरहेका छौँ ।

जनसरकारको न्यायनिसाफ गर्ने भूमिका हुन्छ । तिनले गाउँलेहरूका बीचमा हुने साधारण झैझगडादेखि हत्याका मामिलाजस्ता अनेकौं मुद्दाहरूको फैसला गर्नुपर्छ । मगरको भनाइअनुसार धेरैजसो जनता किसान हुनाले उनीहरूले छिनोफानो गर्नुपर्ने धेरैजसो मुद्दाहरू जमिनमाथिको स्वामित्वसम्बन्धी हुन्छन् । उनले भने– "हामी जनतालाई छानबिन गर्ने कार्यमा सरिक गराउँछौँ अनि अपराधीहरूलाई सजायको रूपमा चर्पी बनाउने र सडक खन्नेजस्ता सामाजिक कामहरू गर्न लगाउँछौँ ।" माओवादीले खोलागाउँमा, माथि चर्चा गरिएझैँ, आफ्ना समर्थकबाट हत्या गरिएका गणेश शाहका नातेदार निर्मल शाहको कब्जा गरिएको घरमा अभियुक्तहरूलाई थुनामा राख्ने कारागारको स्थापना गरेका छन् । हामी भ्रमणमा गएको बेला त्यहाँ १७ जना थुनिएका थिए, जसमध्ये केही शङ्का गरिएका व्यक्तिहरू थिए । त्यो गाउँका माओवादीहरूको भनाइअनुसार ती १७ जनामध्ये चारजना हत्याको घटनामा मुछिएको शङ्का गरिएका व्यक्ति थिए । त्यो कारागारमा थुनामा रहेका व्यक्तिहरूले दिनभरि जमिनमा काम गर्नुपर्थ्यो र साथै उनीहरूले प्रत्येक दिन राजनीतिक शिक्षा पनि पाउँथे ।

## पूर्वी रुकुमस्थित रुकुमकोटः ठकुरीहरूसितको द्वन्द्व

### *ठकुरी गाउँ–रुकुमकोट*

५ मार्चको दिन बिहान सबेरै म चौरजाहारीबाट उत्तरतिर लागेँ । यहाँनेर मलाई रुकुमकोटको बाटो गरी उत्तरी रोल्पाको मेरो मुख्य गन्तव्य थबाङतर्फ जाँदैछु भन्ने कुरा थाहा भयो । रुकुमको पूर्वी भेगमा रहेको रुकुमकोट पुग्न दुई दिन हिँड्नु पर्थ्यो । अगुवाको रूपमा रुकुम जिल्ला जनसरकारका नवनिर्वाचित एक सदस्यले मलाई साथ दिए । माओवादीको आधार इलाकाको केन्द्र भएर पनि बिदामा आएका केही निशस्त्रबाहेक अरू सशस्त्र माओवादीहरू त्यहाँ नदेखिँदा मलाई अचम्म लाग्यो । तीमध्ये ठकुरी थरका एकजना बटालियन सदस्य रुकुममा आमा-बाबुसँग भेटघाट गरेपछि आफ्ना कमजोर आँखा जँचाउन जिल्लाबाहिर जाँदै थिए । उनले सल्यानको सितलपाटी प्रहरी चौकी, दाङको सतबरिया सशस्त्र प्रहरी चौकी र लिस्ने चुलीमा भएको लडाइँपछि रोल्पाको गामस्थित सुरक्षा फौजको शिविरलगायतका ठूला आक्रमण समेत गरी आठ-नौओटा आक्रमणमा भाग लिएका थिए । चाखलाग्दो कुरा के भने उनले नोभेम्बर २००१ मा पूर्वी नेपालको सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरीको आक्रमणमा पनि भाग लिएका थिए । जसमा माओवादीले २७ जना प्रहरी, शाही नेपाली सेनाका पाँचजना सिपाही र सीडीओलाई मारेका थिए । त्यसको भोलिपल्ट सरकारले राष्ट्रव्यापी सङ्कटकालको घोषणा गरी शाही नेपाली सेनालाई परिचालन गरेको थियो । उनले मलाई दुई नम्बर प्लाटुनका ६५ जना सदस्य राप्ती अञ्चलबाट पूर्वी नेपालमा गई केही आक्रमणहरूको कमान गर्नका लागि तीन महिनासम्म त्यहाँ बसेको बताए । उनले सल्लेरीमा आक्रमण गर्ने टोलीमा स्थानीय माओवादीहरू नभएको पनि मलाई बताए ।

सानोभेरी नदीको किनारै-किनार हिँडेर हामी शोभा गाविसको मुख्य बस्ती रुकुमकोट पुग्यौँ । त्यो सुन्दर गाउँ एउटा सानो पठारमा अवस्थित छ । आरु ढकमक्क फुलेको मौसम थियो । त्यहाँका गाउँलेले मलिलो माटोको बरदान पाएका छन् । तर त्यो मलिलो माटोले पहिले-पहिलेका शासकहरूलाई पक्का पनि आकर्षण गरेको हुनुपर्छ । करिब ६४० वर्षअघि जुम्लाका ठकुरीहरूले यहाँ आएर बसोबास गरी पृथ्वीनारायण शाहका छोरा बहादुर शाहका पालासम्म यो क्षेत्रमा शासन चलाएका थिए । तिनका सन्तानहरू अझसम्म पनि यहीँ बसेका छन् । उनीहरूमध्ये एक कुमार मोहनबहादुर शाहीले राजा ज्ञानेन्द्रकी बहिनी राजकुमारी शोभासँग बिहा गरेका थिए । शोभाले आफ्नो परिवारको धार्मिक रितीरिबाज मनाउन यो गाउँको भ्रमण गरेपछि पहिले बाहुनठाना नाम भएको यो गाउँको नाम फेरिएर शोभा गाउँ भयो ।

१९९८ को *किलो सेरा टु* कारबाहीको बेला पूर्वी रुकुममा कारबाही सञ्चालन गर्नका लागि रुकुमकोटमा एक हजारभन्दा धेरै प्रहरी तैनाथ गरिएका थिए । तर अप्रिल २००१ मा माओवादीले डाँडाको टुप्पोमा रहेको प्रहरी चौकीमाथि आक्रमण[२६] गरी ३२ प्रहरी मारेपछि त्यो गाउँमा प्रहरीको नामनिशाना बाँकी छैन ।[२७] रुकुमकोटको केन्द्रमा सरकारी कार्यालयहरू रहेको हाता छ तर प्रहरी चौकी हटाइएपछि नेपाल बैंक, कृषि विकास बैंक र कृषि सेवा केन्द्र समेत धेरैजसो कार्यालयहरू बन्द गरिएका थिए । म भ्रमणमा गएको बेला माओवादीले ती भवनलाई जनसरकारको कार्यालयको रूपमा प्रयोग गरेका थिए । स्वास्थ्य चौकीका कर्मचारीहरू, वन मन्त्रालयका अधिकारीहरू र खाने पानी योजनाका एकजना प्राविधिक कर्मचारी समेत गरी त्यहाँ अझै १६ जना सरकारी अधिकारीहरू थिए । गाउँ जनसरकारका प्रमुखले सुनाएअनुसार गाउँलेको दैनिक जीवनका लागि अत्यावश्यक हुने सरकारी कामकाजलाई माओवादीहरू रोक लगाउँदैनन् ।

यो गाउँका बहुसङ्ख्यक मानिसहरू ठकुरी र क्षेत्री छन् । गाउँको उपल्लो भागमा थुप्रै मगरहरू पनि बसेका छन् । रुकुमकोट गाउँ जिल्लाका ठकुरी र बाहुनहरूको बस्तीको सबैभन्दा पूर्वको भेग हो । त्यसको पूर्वतिर क्षेत्री र बाहुनहरूको बसोबास एकदमै थोरै छ । त्यहाँ केही दलित र अन्य समूहका साथै थोरै गुरुङ र नेवारको[२८] बसोबास भए पनि पूर्वी रुकुमचाहिँ मगर बस्ती नै हो । नेकपा (माओवादी) ले अप्रिल २००२ मा मगर स्वशासित क्षेत्रको स्थापना गर्नको लागि पूर्वी रुकुमका सातओटा गाविस र उत्तरी रोल्पाका छओटा

---

[२६] त्यो प्रहरी चौकी सुरक्षाको लागि गाउँबाट सारेर डाँडाको टुप्पोमा खडा गरिएको थियो । त्यो आक्रमणमा भाग लिएका एकजना माओवादीको भनाइअनुसार त्यसमा पाँचसय जति माओवादीले भाग लिएका थिए जसमा दुईसय जनमुक्ति सेनाका सदस्य थिए । त्यो प्रहरी चौकीमा दुईसय १७ प्रहरी थिए । आक्रमणमा आठजना माओवादी मारिएका थिए । आक्रमण सुरु भएको ३५ मिनेटभित्र प्रहरीहरूले आत्मसमर्पण गरेको उनले बताए ।

[२७] पछि, २००२ को अगस्तमा दुई पटक र अक्टोबरमा एक पटक गरी सुरक्षा फौज तीन पटक रुकुममा गए । अगस्तमा त्यहाँ गएको बेला उनीहरूले गाउँ जनसरकारका प्रमुखको घर लगायत केही घरहरू ध्वस्त पारे । पछि माओवादीले त्यो गाउँमा बसोबास गर्ने प्रहरी र शाही नेपाली सेनाका परिवारलाई ती घरहरू मर्मत गर्न बाध्य तुल्याए ।

[२८] महत गाविसको गुनाममा केही श्रेष्ठ (नेवार) हरूको बसोबास छ । उनीहरूको थर श्रेष्ठ भए पनि खाम भाषा बोल्छन् र मगरसँग बिहाबारी गर्छन् ।

गाविस मिलाएर माथि चर्चा गरिएको विशेष जिल्ला बनायो । विशेष जिल्ला बनाइएको यो क्षेत्रलाई वास्तवमा माओवादीको केन्द्र भन्न पनि सकिन्छ ।[२९]

## *पञ्चायती कालमा तीन शाहहरूमाझ राजनीतिक प्रतिस्पर्धा*

१९७३ मा पञ्चायती राजको समयमा जिल्ला सदरमुकाम रुकुमकोटबाट मुसिकोट सार्ने कुरालाई लिएर पूर्वी रुकुमका जनता र राज्यको बीचमा ठूलो टक्कर पऱ्यो ।[३०] तर यस घटनाको चर्चा गर्नुअघि रुकुमको ऐतिहासिक तथा राजनीतिक पृष्ठभूमिबारे केही चर्चा गर्नु जरुरी छ किनभने, यो इतिहास र यो क्षेत्र किन माओवादीको दरिलो पकड भएको क्षेत्र बन्यो भन्ने कुराको बीचमा गहिरो सम्बन्ध छ । ठकुरी परिवारका सन्तान र रुकुमकोटका बासिन्दा लोकेन्द्रबहादुर शाहले मलाई केही ऐतिहासिक विवरण सुनाए । यो विवरण राजाराम सुवेदीद्वारा *कर्णाली प्रदेशको मध्यकालीन इतिहास*मा दिइएको विवरणभन्दा केही फरक छ । यहाँ म शाहले दिएको विवरण उद्धृत गर्दैछु ।

रुकुममा तीनओटा ठकुरी परिवार थिए जसले मुख्यतया रुकुमका आ-आफ्नै भूभागमा शासन गर्थे । लोकेन्द्रबहादुर शाहका अनुसार रुकुमकोटका राजा सबैभन्दा पुराना थिए । उनीहरू लगभग ६४० वर्षअघि केही बाहुन (गौतम), केही क्षेत्री (बुढाथोकी) र केही दलित (दमाई) हरूको साथमा जुम्लाबाट रुकुम आएका थिए ।[३१] एकजना क्षेत्रीले त्यो क्षेत्रका तत्कालीन शासक *भोटे राजा*लाई षडयन्त्र गरेर मारे ।[३२] त्यो बेलादेखि ठकुरी राजाले त्यो क्षेत्रमा शासन गर्न थाले । राजाले पहिला त्यहाँको भूमि आफ्ना छोराहरूलाई बाँडे । अनि जेठा छोरा जाजरकोटका राजा, माइला छोरा रुकुमकोटका राजा र कान्छा छोरा सल्यानका राजा भए ।[३३] साइँला छोरा बागलुङका जनताको अनुरोधमा गल्कोट गए । पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाहका पालातिर सत्ता सङ्घर्षको क्रममा आफ्नै परिवारका

[२९] अगस्त २००४ मा रोल्पामा भएको नेकपा (माओवादी) को केन्द्रीय समितिको बैठकले यो विशेष जिल्लालाई विघटन गरी रोल्पा, रुकुम र सल्यान तीन जिल्ला समावेश भएको आधार इलाका स्थापित भएको औपचारिक घोषणा गर्ने निर्णय गऱ्यो । मैले सेप्टेम्बर २००४ मा रोल्पाको घर्तीगाउँमा भेटेका रोल्पा जिल्ला समितिका एकजना सदस्यले सरकारी पक्षको ध्यान अत्यन्तै खिचेको हुनाले विशेष जिल्लालाई विघटन गरिएको बताए ।

[३०] वास्तवमा जिल्ला सदरमुकाम बाहुनठानाबाट खलङ्गामा सारिएको थियो तर स्थानीय मानिसहरू सामान्यतः 'मुसिकोट', 'रुकुमकोट' जस्ता नामहरू प्रयोग गर्छन् । 'कोट' को अर्थ राजाले बसोबास गर्ने ठाउँ हो ।

[३१] सुवेदी (वि.सं. २०५४: ३५३) का अनुसार जुम्लाका राजा मलाइबम्माका साइँला छोरा सन् १४०० तिर त्यस क्षेत्रमा शासन गर्न भनेर रुकुम आएका थिए । रुकुमका सातौँ राजा जयभद्रले दुईओटी मगर केटीलाई बलात्कार गरेपछि जनताले उनलाई राज्यबाट निष्काशित गरे । त्यसपछि जुम्लाका शाह ठकुरीहरू शासकका रूपमा रुकुमकोट आए ।

[३२] लोकेन्द्रबहादुर शाहका अनुसार एकजना बुढाथोकी क्षेत्रीले यी भोटे राजासँग मितेरी साइनोको बाचा गरेर उनलाई मारे । प्रचलित कथाअनुसार एक दिन बुढाथोकीले भोटे राजालाई निम्ता गरी गलैँचामा बस्न बिन्ती चढाए । त्यस गलैँचामुनि उनले गहिरो खाडल खनेका थिए । भोटे राजा खाडलमा खसे अनि बुढाथोकीले ढुङ्गा र माटोले खाडल पुरेर राजाको ज्यान लिए । सुवेदीका अनुसार यी क्षेत्री (बुढाथोकी) का रुकुमकोटबासी पुर्खाहरू अझसम्म पनि दसैं पर्वको नवमीको दिन भोटे राजा मारिएको ठाउँको एउटा ढुङ्गालाई पुजा गर्ने गर्छन् ।

[३३] सुवेदीका अनुसार जुम्लाका राजा मलाइबम्माले चार छोरा र एक ज्वाइँको बीचमा आफ्नो भूभाग बाँडिदिए । उनले जेठा छोरालाई सल्यान, माइला छोरालाई जाजरकोट, साइँला छोरालाई रुकुम, कान्छा छोरालाई दैलेख र ज्वाइँलाई जुम्ला दिए (वि.सं.२०५४: १०४) ।

सदस्यहरूले रुकुमकोटका अन्तिम राजा राज शाहीको हत्या गरे। रुकुमका जनताले स्थितिमाथि नियन्त्रण गर्नका लागि आफ्ना फौज पठाइदिन बहादुर शाहसँग बिन्ती चढाए। जुन समूहले राजाको हत्या गरेको थियो त्यो समूह भाग्यो अनि रुकुमकोट संयुक्त नेपालमा सामेल भयो। त्यो बेलादेखि रुकुममा राजा छैनन्। अन्तिम राजा राज शाहीका दुईजना छोरा र उनका भाइका पाँचजना छोरा थिए। तीमध्ये जेठा छोरा इन्द्रबहादुर शाहीले शाही नेपाली सेनामा सामेल भएर राणाहरूकी छोरी शान्तादेवी श्रीसँग बिहा गरे। कुमार मोहनबहादुर शाही उनीहरूका पनाति हुन् जसले राजा ज्ञानेन्द्रकी बहिनी राजकुमारी शोभासँग बिहा गरे। राणा सरकारले शान्तादेवी श्रीलाई रुकुमकोट नजिकका केही गाउँ बिर्ताको[३४] रूपमा दिए। शान्तादेवी श्रीको परिवार काठमाडौँमा बसे तापनि इन्द्रबहादुरका भाइले कारिन्दाका रूपमा उनीहरूको बिर्ता भूमिमा बस्ने जनताबाट कर जम्मा गरी काठमाडौँ पठाउने काम गरे। पञ्चायती राजदेखिका 'तीन शाह राजनीतिज्ञ' मध्ये एक लोकेन्द्रबहादुर शाह यिनै इन्द्रबहादुरका भाइका नाति हुन्।

मुसिकोटका अर्का ठकुरी राजा आफ्नो भूमिमाथि बहादुर शाहको फौजले दोस्रो पटक आक्रमण गरेपछि रुकुमकोटका राजाहरूभन्दा निकै समयपछि जुम्लाबाट आएका हुन्।[३५] उनीहरूलाई हालको जिल्ला सदरमुकाम खलङ्गा[३६] समेत दक्षिणी रुकुमका हालका आठओटा[३७] गाविसको क्षेत्र बिर्ताको रूपमा दिइयो। 'तीन शाह' मध्ये सबैभन्दा कान्छा गोपालजी जङ्ग शाह मुसिकोटे राजाको छैटौँ पुस्ताका सन्तान हुन्। राजा ज्ञानेन्द्रकी बहिनी राजकुमारी शारदासँग बिहा गर्ने कुमार खड्ग विक्रम शाह गोपालजी जङ्ग शाहका नातेदार हुन्।[३८] बन्फिकोटमा अर्का ठकुरी राजा थिए जो एक समय जाजरकोटे राजाबाट अलग्गिएका थिए। 'तीन शाह' मध्ये सबैभन्दा वरिष्ठ ध्रुव विक्रम शाह[३९] बन्फिकोटे राजाका सन्तान हुन्।[४०] संयोगको कुरा के भने ध्रुव विक्रमकी आमा गोपालजी जङ्ग शाहको बाबुकी दिदी हुन्। अर्को शब्दमा भन्ने हो भने गोपालजी र ध्रुव नाताले दाजुभाइ पर्छन्।

---

[३४] रेग्मीका अनुसार "व्यक्तिहरूलाई उनीहरूले गरेको राज्यको सेवाको सराहना गर्दै प्रचलित बकसका रूपमा वा संरक्षकत्वका रूपमा बिर्ता दिइन्थ्यो" (१९७८: ३९)।

[३५] सुवेदीका अनुसार रुकुमका पाँचौँ राजा जयतबमले आफ्नो भूभाग आफ्ना सात भाइ छोरालाई बाँडिदिए। जेठा छोराले रुकुम (रुकुमकोट), माइला छोराले मुसिकोट, साइँला छोराले बन्फिकोट, काइँला छोराले गोताम, अन्तरे छोराले आठबिस, जन्तरे छोराले जहारी र कान्छा छोराले खगेना पाए। पाँचौँ राजाका पालामा नेपाली सेनाले खलङ्गा लियो। त्यसपछि मुसिकोट केही बाहुनहरूलाई बिर्ताका रूपमा दिइयो। बहादुर शाहका सेनाले जुम्लामाथि आक्रमण गरेपछि जुम्लाका अन्तिम राजाको परिवार भागेर मुसिकोट गई त्यहीँ बसोबास गर्न थाल्यो। गोपालजी जङ्ग शाह यसै परिवारका सन्तान हुन् (वि. सं.२०५४: ३५५)।

[३६] अचेल रुकुमको सदरमुकामलाई 'जुम्लीखलङ्गा' भनिन्छ। यो नाम उनीहरूको पुर्ख्यौली थलो 'जुम्ला' बाट राखिएको हो।

[३७] ती ठाउँहरू खलङ्गा, चिबाङ, आर्मा, शिम्ली, बालाक्चा, चौकाबाङ, शङ्ख र शालापाखा हुन्।

[३८] गोपालजी जङ्ग शाह र कुमार खड्ग विक्रम शाहका बाजेहरू दाजुभाइ थिए। कुमार खड्ग विक्रम र राजकुमारी शारदा १ जुन २००१ को दरबार हत्याकाण्डमा मारिने राज परिवारका १० जनामा परेका थिए।

[३९] २००३ मा उनको देहान्त भयो। उनका छोरा जर्नेल विवेक शाह राजाका पूर्व सैनिक सचिव हुन्।

[४०] सुवेदीका अनुसार रुकुमका पाँचौँ राजा जयतबमले बन्फिकोट आफ्ना साइँला छोरा गजदिबमलाई दिए। बन्फिकोट एकीकृत नेपालमा गाभिएपछि जुम्लाका ठकुरी परिवारहरू त्यहाँ आएर दरबारमा बस्न थाले (वि. सं. २०५४: ३६१)।

पञ्चायती राजमा ठकुरी राजाहरूका यी तीनजना सन्तान एकपछि अर्को गर्दै तत्कालीन संसद राष्ट्रिय पञ्चायतको सदस्य बने ।[४१] राष्ट्रिय पञ्चायतमा रुकुमबाट एक सिटमात्र भएको हुँदा उनीहरूका बीचमा ज्यादै चर्को प्रतिस्पर्धा चल्नु स्वाभाविकै हो । अप्रिल १९७३ मा ध्रुव विक्रम शाह राष्ट्रिय पञ्चायतको सदस्य भएको बेला जिल्ला सदरमुकाम सार्ने घटना भयो । अञ्चलाधीशको निर्णयअनुसार जिल्ला सदरमुकाम रुकुमकोटबाट मुसिकोटमा सारिएको थियो । त्यसको लगत्तै रुकुमकोट र रुकुमको पूर्वी भेगका हजारौँ मानिस भेला भएर मुसिकोटबाट सदरमुकाम फिर्ता गराउनका लागि हातहातमा स्थानीय हतियारहरू बोकेर विरोध प्रदर्शन गर्दै मुसिकोटतिर लागे । भोलिपल्ट मानिसहरूको त्यो विशाल समूह मुसिकोटस्थित हालको एयरपोर्टनेर पुग्यो जहाँ सीडीओले कर्फ्यूको घोषणा गरेका थिए । भीडले ढुङ्गा हान्न थाल्यो अनि प्रशासनले गोली चलायो जसबाट रुकुमकोटका एक युवा मारिए र अरू धेरै घाइते भए । त्यसको केही महिनापछि त्यो घटनालाई लिएर प्रशासनले पूर्वी रुकुमका झन्डै दुई सयजनाको नाममा पक्राउ पुर्जी जारी गऱ्यो जसमध्ये २३ जना पक्राउ परे । तीमध्ये दुईलाई घोराही कारागारमा एक वर्ष थुनियो ।[४२]

जिल्ला सदरमुकाम सार्ने काम ध्रुव विक्रम शाह र गोपालजी जङ्ग शाहले गरेको षडयन्त्रको नतिजा थियो भनी पूर्वी रुकुमका बासिन्दाहरू अझै दाबी गर्छन् ।[४३] त्यसबेला रुकुम जिल्ला पञ्चायतका उपाध्यक्ष रहेका लोकेन्द्रबहादुर शाहले भनेः

> जनवरी १९७३ मा राजा वीरेन्द्र सुर्खेतबाट रुकुमकोटको भ्रमणमा आउने अपेक्षा गरिएको थियो र रुकुमकोटका जनता आफ्नो गाउँमा राजाको स्वागत गर्ने तयारीमा जुटेका थिए । म स्वागत समितिको अध्यक्ष थिएँ । तर के भयो भने राजा रुकुमकोट आउनुको सट्टा मुसिकोट गए अनि सुर्खेत फर्केर जिल्ला सदरमुकाम मुसिकोट सारिने घोषणा गरे । त्यो ध्रुव विक्रम शाह, कुमार खड्ग विक्रम शाह, गृहमन्त्री सुन्दरप्रसाद शाह र गृहसचिव खड्गबहादुर शाहले गरेको बिन्तीभाउको नतिजा थियो । १९७४ मा राष्ट्रिय पञ्चायतको सदस्य भएर राजालाई भेट्दा मैले सदरमुकाम रुकुमकोट सारिपाऊँ भनेर बिन्ती चढाएँ तर मेरो कुराको सुनुवाइ भएन ।
>
> यो घटनाको कारणले गर्दा पूर्वी रुकुमका जनतामा राज्यविरोधी भावना बढेर गयो किनभने तिनलाई यो सरासर अन्याय हो भन्ने लाग्यो । अझ त्यसमाथि, राज्यसित बलियो सम्बन्ध भएका त्यहाँका शक्तिशाली राजनीतिज्ञहरूले गर्दा विकाससम्बन्धी सबै कामहरू पश्चिमी रुकुममा केन्द्रित गरिए । ध्रुव विक्रम सत्तामा भएको बेलामा चौरजाहारीको एयरपोर्ट र बन्फिकोटको कुलो बनाइए अनि गोपालजी जङ्ग शाह राष्ट्रिय पञ्चायतको सदस्य भएपछि मुसिकोटको एयरपोर्ट बन्यो । यसको विपरीत, रुकुमकोट, पिपल र पोखरा गाविसका सिँचाइसम्बन्धी योजनाहरू समेत पूर्वी रुकुमका धेरैजसो विकास आयोजनाहरू १९९० पछि रद्द गरिए । यस कुराले गर्दा पूर्वी रुकुमका जनतालाई आफूमा सामेल हुनका लागि सम्झाइ-बुझाइ गर्न माओवादीलाई सजिलो भयो । जिल्ला सदरकुमकाम रुकुमकोटमा रहिरहेको भए यो क्षेत्रका निकै कम मानिस माओवादीमा लाग्थे होलान् ।

---

[४१] ध्रुव विक्रम शाह पहिले राष्ट्रिय पञ्चायतको सदस्य भए । त्यसपछि लोकेन्द्र शाह, त्यसपछि गोपालजी जङ्ग शाह र आखिरमा ध्रुव विक्रम शाह फेरि राष्ट्रिय पञ्चायतको सदस्य भए ।

[४२] घोराहीमा एक वर्ष थुनामा राखिएका दुईमध्ये एकजनाले मलाई भनेअनुसार पक्राउ गरिएका २३ जनामध्ये धेरैजसो राजनीतिमा नलागेका मानिसहरू थिए ।

[४३] यो घटना घटेको बेलामा ध्रुव विक्रम शाह राष्ट्रिय पञ्चायतको सदस्य थिए र गोपालजी जङ्ग शाह खलङ्गा गाउँ पञ्चायतका प्रधानपञ्च थिए । मुसिकोट खलङ्गा गाउँ पञ्चायतभित्र पर्थ्यो ।

रुकुम जिल्ला पञ्चायतका भूतपूर्व सभापति ताराप्रसाद घर्तीमगरले पनि सदरमुकाम मुसिकोटमा सारिएपछि पञ्चायतविरोधी समूहहरूलाई निकै नै सजिलो भएको दाबी गरे । उनले भने– “त्यस बाहेक, त्यो क्षेत्रमा नेपाली काङ्ग्रेसका मानिस ज्यादै थोरै थिए । त्यहाँ त केही कम्युनिस्ट सङ्गठनमात्र थिए । त्यसैले कम्युनिस्टका लागि राज्यसत्तासँग लड्ने यो एउटा कारक बन्न गयो ।”

पूर्वी रुकुमको जाङ गाविसबासी नेपाली काङ्ग्रेसका भूपू संसद सदस्य केशरमान रोकामगर[४४] ले भने अलि फरक अर्थ लाग्ने विवरण दिए । उनले भने:

> रुकुमका नेताहरूले सदरमुकाम रुकुमकोट फर्काउन कति साह्रो हत्ते हालेका थिए भने उनीहरूले गाउँलेलाई हुल बाँधेर मुसिकोट जान प्रत्येक परिवारबाट एकजना निस्कनु भनेर निर्देशन दिए । जुलुसमा एकजना नपठाउने परिवारलाई पाँच सय जरिवाना गरिने छ भनेर हामीलाई सुनाइएको थियो । त्यसैले हामीले परिवारका मानिसलाई मुसिकोट पठाउनै पऱ्यो । पञ्चायती राजमा रुकुमका जनता दुई समूहमा बाँडिएका थिए । तीमध्ये जिल्लाको पश्चिमी भेगको समूहको नेतृत्व ध्रुव विक्रम शाह र गोपालजी जङ्ग शाहले गरेका थिए, अनि जिल्लाको पूर्वी भेगको समूहको नेतृत्व लोकेन्द्रबहादुर शाहले गरेका थिए । पश्चिमी भेगको समूहले जहिले पनि जित्थ्यो किन भने उनीहरूका नेताका हातमा बढी शक्ति थियो । पूर्वी भेगको विकास पछि पर्नुको कारण पनि यही हो ।

राष्ट्रिय पञ्चायतको १९८१ को निर्वाचनमा तीनै जना शाह उम्मेदवार बने तर गोपालजी जङ्ग शाहले चुनाव जितेपछि रुकुमका तीन शाहबीचको त्रिकोणीय शक्ति सन्तुलनमा परिवर्तन आयो । त्यो बेलासम्म नाताले दाजु-भाइ पर्ने ध्रुव विक्रम शाह र गोपालजी जङ्ग शाह एउटा गुटमा थिए अनि रुकुमकोटका लोकेन्द्रबहादुर शाह एक्लै थिए । यो निर्वाचनपछि लोकेन्द्रबहादुर र ध्रुव विक्रमका आन्द्रा गाँसिए अनि लोकेन्द्रबहादुर शाहले राष्ट्रिय पञ्चायतको १९८६ को निर्वाचनमा ध्रुव विक्रम शाहलाई समर्थन गरे । नतिजास्वरूप, ध्रुव विक्रमले जिते र अर्को साल लोकेन्द्रबहादुर रुकुम जिल्ला पञ्चायतका सभापति बने । अप्रिल १९९० मा बहुदलीय व्यवस्थाको पुनःस्थापना भएपछि ध्रुव विक्रम र लोकेन्द्रबहादुर राष्ट्रिय प्रजातन्त्र पार्टीमा सामेल भए भने गोपालजी जङ्ग नेपाली काङ्ग्रेसमा भित्रिए ।[४५] गोपालजी जङ्गले १९९१ र १९९४ मा रुकुमको निर्वाचन क्षेत्र नम्बर २ बाट चुनाव जिते । उनी शेरबहादुर देउवाको मन्त्री मण्डलमा उद्योग सहायक मन्त्रीका रूपमा सामेल भए अनि १९९५ मा राज्यमन्त्रीमा उनको बढुवा भयो ।

## *मगरहरूका बीचमा ठकुरीविरोधी भावना*

रुकुममा खास गरेर त्यो जिल्लामा ठूलो सङ्ख्या भएका मगरहरूको बीचमा ठकुरीविरोधी भावना राज्यविरोधी भावनाका रूपमा विकास भयो । मगर समुदायका ताराप्रसाद घर्तीमगरले भने:

---

[४४] उनी १९९९ मा रुकुमको निर्वाचन क्षेत्र नम्बर १ बाट चुनिए अनि २००१ मा स्थानीय विकास सहायक मन्त्री भए ।

[४५] उनी १९७० मा काठमाडौँको त्रिचन्द्र कलेजमा अध्ययन गर्ने क्रममा नेपाली काङ्ग्रेसको भातृ सङ्गठन नेपाल विद्यार्थी सङ्घमा सामेल भएका थिए । त्यसैले १९९० को परिवर्तनपछि उनी सजिलै नेपाली काङ्ग्रेसमा सामेल भए । २००२ मा नेपाली काङ्ग्रेस विभाजन भएपछि उनी शेरबहादुर देउवाको नेतृत्वमा रहेको नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) मा सामेल भए ।

> सदरमुकाम रुकुमकोटबाट मुसिकोटमा सार्ने काम ठकुरीहरूको पहलमा भएको थियो । उनीहरूले जनतामाथि रजाइँ गर्न र हाम्रो समुदायलाई फुटाउन खोजे । हाम्रो बसोबास मुसिकोट नजिक भए पनि हामीले तटस्थ दृष्टिकोण अपनायौं किनभने हामीलाई ठकुरीहरूको पछि लाग्न मन थिएन । ...पहिले यो क्षेत्रको जमिन हामी मगरहरूको थियो तर पछि बाहिरका ठकुरीहरूले हडपे ।

पश्चिमी रुकुमको माग्मा गाविसको जिपसिङ गाउँमा भएको एक घटनामा ठकुरीहरूप्रति मगरहरूका केही विलक्षण भावनाहरू प्रकट भएका छन् । ठकुरी राजवंशका त्यस्तै १५-१६ शाही परिवार जिपसिङमा बसोबास गर्थे । त्यो गाउँका मगरहरू जङ्गलका धेरै अप्ठ्यारा पहराका मौरीका चाकाहरूबाट मह बटुलेर सालिन्दा ठकुरीहरूलाई टक्र्याउँथे । तर १९९० को राजनीतिक परिवर्तन हुनुभन्दा एक वर्षजति अघि मगर र ठकुरीहरूका बीचमा एउटा किचलो सुरु भयो, त्यसपछि मगरहरूले ठकुरीहरूका लागि मह बटुल्न छाडे । त्यो किचलोपछि मगरहरूले आफ्नालागि मात्र मह बटुल्ने नियम बनाए साथै ठकुरी र क्षेत्रीहरूले दुई-दुई वर्ष बिराएर आफ्नालागि आफैं मह बटुले हुन्छ भन्ने कुरा पनि नियममा पारे । मलाई यो कथा सुनाउने एकजना गाउँलेले भने:

> गाउँमा ठकुरीहरू मगरहरूमाथि रजाइँ चलाउँथे । मेरा हजुरबाजस्ता पाका मानिसहरू भन्ने गर्थे– "ठकुरीहरू भगवानका नातेदार हुन्, त्यसकारण तिनले बेठीक काम गरेका हुन् भन्ने नठान्नू । त्यस्तो ठान्यौ भने पाप लाग्नेछ ।" तर हामी युवाहरूले उनीहरूसँग समानता खोज्यौं । त्यसैले हामीले ठकुरीका लागि मह बटुल्न छाडचौं । हामीले त तिनलाई त्यतिञ्जेलसम्म हामीले टक्र्याएको महको पैसा चुक्ता गर भनेर पनि भन्यौं ।

कतिपय राजनीतिक व्यक्तित्वहरूमा गोपालजी जङ्ग शाहप्रति व्यक्तिगत रिस पनि देखियो । तिनमध्ये एकजनाले भने– "पञ्चायती राजदेखि रुकुमको मगर समुदायको बहुसङ्ख्या गोपालजी जङ्ग शाहविरुद्ध थियो । हामी नेकपा (मसाल) का समर्थकहरूले १९८१ को चुनावमा लोकेन्द्रबहादुर शाहलाई भोट दिनुको कारण के मात्र हो भने उनी गोपालजी जङ्ग शाहको विरोधमा उठेका थिए ।" मैले पूर्वी रुकुमका मगरहरूका मुखबाट पनि यस्तै भावनाहरू सुनें । उनीहरूले भने– "१९९० पछि हामी राष्ट्रिय प्रजातन्त्र पार्टीमा सामेल भयौं किनभने गोपालजी जङ्ग शाह नेपाली काङ्ग्रेसमा भित्रिएका थिए । उनी नेकपा (एमाले) मा गएका भए हामी माओवादीमा लाग्थ्यौं ।" पूर्वी रुकुमका एकजना भूपू प्रधानपञ्चले भने:

> १९८६ को चुनावदेखि हामीले गोपालजी जङ्ग शाहलाई भोट दिन इन्कार गरी ध्रुव विक्रमको गुटलाई समर्थन गऱ्यौं । त्यसले गर्दा १९९० पछि प्रशासनले हाम्रो भेगका सयौं मगरहरूलाई विभिन्न अदालती मुद्दाहरूमा फसायो । त्यो बेला शासन गर्ने कुर्सीमा बसेको पार्टी नेपाली काङ्ग्रेस र प्रशासनले विरोधी पक्षलाई राजनीतिक क्रियापकलाप गर्नमा बाधा-अड्चन पैदा गर्ने जमर्को गरे । आरोप लगाइएका थुप्रै मानिसहरू यिनका आँखा छल्नका लागि गाउँ छाड्न बाध्य भए । पछि गएर तीमध्ये धेरै माओवादी भए ।

मगरहरू र राज्यको बीचका अनेकौं टक्करहरूले पछि गएर ठूलो द्वन्द्वको रूप लिएझैं लाग्छ ।

टक्सेरामा राज्यप्रतिको विरोधको अर्को पक्ष छ । समर इन्स्टिच्यूट अफ लिङ्गुइस्टिकका अमेरिकी भाषाशास्त्री डेभिड वाटर्सले थुप्रै मगरहरूलाई इसाई धर्ममा ढालेका थिए । उनी खाम भाषामा अनुसन्धान गर्नका लागि १९७० देखि त्यहाँ बस्न थालेका थिए । राज्यलाई यी धार्मिक क्रियाकलापबारे थाहा भएपछि स्थानीय प्रशासनले हस्तक्षेप गरी १९८१ र १९८६ को बीचमा एक सयभन्दा बढी मानिसलाई हिरासतमा लियो । इसाई धर्म मान्नेहरू माओवादीमा त्यति सामेल भएका छैनन् तैपनि सुखो खाम र गोपाल बूढा नाम गरेका दुईजनालाई माओवादी विद्रोहमा मुछिएको आरोप लगाएर टक्सेरामा राज्यले उनीहरूको हत्या गऱ्यो । उनीहरूको हत्या गरिएपछि माओवादीहरूले गोपाल बूढाका बाबुलाई टक्सेरा जनसरकारको प्रमुख बन्न प्रस्ताव गरे अनि उनले त्यो पद स्वीकार गरे । यी बाबु पनि २००१ मा सुरक्षा फौजको हातबाट मारिए ।

## उत्तरी रोल्पाको थबाङः राज्यविरोधी प्रतिरोधको इतिहास

### *माआवादीको राजधानी–थबाङ*

थबाङ रुकुमकोटदेखि १५ किलोमिटर दक्षिण-पूर्वमा अवस्थित छ । म रुकुमकोटबाट ८ मार्च २००३ को बिहान सखारै मेरो यात्राको मुख्य गन्तव्य थबाङतिर लागेँ । हामी केही घण्टा हान्निएर बगिरहेको नदीको किनारै-किनार दक्षिणतिर हिडचौँ त्यसपछि डाँडाको टुप्पोमा रहेको महत गाविसको केन्द्रमा पुग्न एक घण्टा उकालो चढचौँ । यो मगर गाउँ पनि नेकपा (माओवादी) को विशेष जिल्लामा परेको थियो । प्रहरी चौकीको अवशेष गाउँको खुला डबलीतिर फर्केको थियो । माओवादीहरूले सेप्टेम्बर १९९९ मा यो प्रहरी चौकीमा आक्रमण गरी सातजना प्रहरी र नेपाली काङ्ग्रेसका एकजना कार्यकर्ताको ज्यान लिएका थिए । उनीहरूले आक्रमणपछि प्रहरी चौकीका इन्चार्ज डीएसपी ठूले राईलाई अपहरण गरेर तीन महिनापछि मुक्त गरे । गाउँलेहरूका मनमा सेप्टेम्बर २००२ मा घटेको अर्को एउटा घटनाको सम्झना अझै ताजै छ । राति गाउँ नजिकैको जङ्गलमा माओवादी र सुरक्षा फौजको बीचमा लडाइँ भएको थियो । त्यसको भोलिपल्ट केही माओवादीहरू गाउँमा आएर खाना खाँदै थिए । सुरक्षा फौज ठीक त्यही बेला टुप्लुक्क आइपुग्यो र गाउँलाई घेरा हालेर गोली चलाउन थाल्यो । उनीहरूले घरघरमा पसेर गाउँलेमाथि पनि गोली चलाए । त्यसबाट ११ जना मारिए जसमध्ये सबै नै मगर थिए । मारिनेहरूमध्ये दुईजना मात्र माओवादी थिए । दुई स-साना बालबालिका, दुई महिला र दुई बहिरा र लाटा समेत अरू सबैजना निर्दोष गाउँले थिए ।

महतबाट थबाङको केन्द्रमा पुग्न करिब तीन घण्टा लाग्यो । रोल्पा र रुकुम जिल्लाको सिमानामा रहेको थबाङ गाविसको प्रवेश नाकामा एकजना माओवादी सेन्ट्रीले हाम्रो जाँच गरे । हामीले ठूलोगाउँ नामको मुख्य गाउँमा पुग्न अर्को एक घण्टा हिँड्नु पऱ्यो । ठूलोगाउँमा पुग्दा घरमा जोडिएका अग्ला खम्बाहरूमा जताततै लाल कम्युनिस्ट झण्डाहरू देखिए । हामी त्यहाँ पुग्दा बेलुकाको त्यस्तै पाँच बजेको थियो । माओवादीले बनाएको प्रवेशद्वार भएर उता जानेबित्तिकै देखिएका दृश्यहरूले मलाई चकित तुल्याए । ती दृश्यहरू मैले पार गरी आएका अरू गाउँका दृश्यहरूभन्दा फरक थिए । मेरो आँखामा

परेको पहिलो दृश्यमा १०-१२ जना युवाहरू द्वारको ठीक अगाडि बाँसका डोका बुन्दै थिए । त्यसपछि मैले एउटा फराकिलो आँगनमा भलिबल खेलिरहेका युवाहरू देखेँ । नजिकै केही केटीहरू ठूल्ठूला भाँडामा गाईको मासु र आटो पकाउनमा ब्यस्त थिए ।[४६] सबैतिर सामूहिक जीवनका दृश्यहरू थिए । माओवादीहरूले हामीलाई *हाम्रो सहकारी होटल*मा लगे । त्यहाँ थुप्रै मानिस चिया पिउँदै वा सुकुटी मासु खाँदै भित्र-बाहिर गरिरहेका थिए । परम्परागत लुगा लगाएकी खाम भाषा बोल्ने करिब ५० वर्षकी एउटी मगर महिला त्यहाँ काम गर्दै थिइन् । होटलमा पस्नेजति सबैलाई उनले लाल सलामको अभिवादन फर्काएको देखेर म छक्क परेँ । त्यो होटल थबाङमा केही दिन बस्ने माओवादीहरूको भेटघाट गर्ने थलोजस्तो लाग्थ्यो । प्रस्ट देखिने क्रियाकलापहरूको सरगर्मीले थबाङ माओवादीको राजधानीजस्तो देखियो । पछि मलाई थबाङ साँच्ची नै विशेष जिल्लाको राजधानी रहेछ भन्ने कुरा थाहा भयो ।

म थबाङ पुगेको केही दिनपछि त्यहाँ जनमुक्ति सेनाको एउटा कम्पनी अर्थात् माओवादी सैनिक मोर्चा भएको मलाई थाहा भयो । एउटा ठूलो घरमा उनीहरूको मुख्यालय थियो[४७], जहाँ माओवादी डाक्टर र उनका सहायक बिरामीहरूलाई जाँचिरहेका थिए । उनीहरूले एउटा औषधि पसल पनि चलाएका थिए । माओवादीहरू आफूले कब्जा गरेका घरहरूमा बसेका थिए । गाउँमा घरमुलीले छाडेर गएका थुप्रै खाली घर थिए । त्यसरी जानेहरूमध्ये धेरैजसो माओवादीका विरोधी थिए, त्यसैले उनीहरू गाउँ छाडेर रोल्पाको सदरमुकाम लिबाङ, घोराही वा तराईको नेपालगञ्जजस्ता सहरहरूमा गएर बसेका थिए । थुप्रै युवाहरू रोजगारीको खोजीमा विदेश पनि गएका थिए । माओवादी नभइकन र उनीहरूलाई मद्दत नगरिकन थबाङमा बस्न नसकिने कुरा प्रस्ट थियो । मुख्य गाउँको बीचमा सुरक्षा फौजले ध्वस्त पारेका १५ ओटा घरका भग्नावशेष टड्कारै देखिन्थे । सङ्कटकाल लगाइएको बेला सुरक्षा फौज मार्चको अन्तदेखि मे २००२ सम्म[४८] ४५ दिन थबाङमा बसेका थिए । तिनले त्यहाँ पाइला टेकेको दोस्रो दिनमै ती घरहरू ध्वस्त पारेका थिए ।

थबाङ गाउँ जनसरकारका प्रमुख बारप्रसाद घर्तीमगरको भनाइअनुसार १९९७ को भदौ महिना (अगस्ट-सेप्टेम्बर) मा थबाङमा आधार इलाकाको पहिलो गाउँस्तरीय जनसरकार गठन भएको थियो । १९९० को परिवर्तनको लगत्तै यो गाउँमा जनसत्ताको स्थापना गर्ने कार्य सुरु भएको थियो भनेर उनले बताए । प्रजातन्त्रको पुनःस्थापना भएपछि १९९१ मा

---

[४६] आटो यस भेगको मुख्य खाना हो । उम्लिरहेको पानीमा मकैको पीठो हालेर आटो ओडालिन्छ । नेपालका अरू भागमा यसलाई ढिँडो भनिन्छ । थबाङ आलु उत्पादनका लागि पनि नामी छ तर यो ठाउँ समुद्री सतहबाट सातहजार फिटमाथि रहेको हुनाले यहाँ धानको खेती गर्न सकिँदैन । जौ, गहुँ र मकै यहाँका मुख्य बाली हुन् ।

[४७] सुरक्षा फौजले फेब्रुअरी २००४ मा थबाङमा बसेको बेला त्यहाँको स्वास्थ्य चौकी ध्वस्त पारे । जनवरी २००४ मा मगराँत स्वायत्त प्रदेश निर्माण भएको घोषणा गर्न थबाङमा आयोजित विशाल जनसभाबारे सुइँको पाएपछि सुरक्षा फौजले त्यहाँ कारबाही चलाएको थियो ।

[४८] ७ मे २००२ मा माओवादीले गाम गाविसस्थित सैनिक क्याम्पमा आक्रमण गरेपछि सुरक्षा फौज थबाङबाट पछि हटचो । गाम रोल्पाको उत्तर-पूर्वमा अवस्थित छ । यो माओवादीको एउटा ठूलो आक्रमण थियो जसमा झन्डै ७० जना सिपाही र प्रहरी मारिए । माओवादीले पनि हताहतीको ठूलो क्षति बेहोर्नु पऱ्यो ।

भएको पहिलो आम निर्वाचनमा बहुसङ्ख्यक गाउँलेहरूले संयुक्त जनमोर्चालाई भोट दिए[४९], तर थबाङमा त्यसपछिका सबै निर्वाचन बहिष्कार गरिए । सेप्टेम्बर २००२ मा नयाँ गाउँ जनसरकारको गठन हुँदा बारप्रसाद घर्ती प्रमुखमा निर्विरोध निर्वाचित भए । माओवादीद्वारा प्रमुख, उपप्रमुख र १० मध्ये प्रत्येक वडाबाट पाँचजना प्रतिनिधि गरी ५२ सदस्यीय जनसमिति गठन गरियो । जनसमितिका सदस्यहरूसहित विद्यार्थी, महिला, दलित, बुद्धिजीवी, व्यापारी तथा जनसेना गरी पाँचओटा मोर्चाका प्रतिनिधिहरू रहेको गाउँ संयुक्त जनसमितिले आम बैठकहरूको आयोजना गर्छ । यो नीति-निर्णय गर्ने प्रमुख निकाय हो ।

बारप्रसाद घर्तीका अनुसार गाउँ जनसरकारको मुख्य काम गाउँभित्रको शक्ति परिचालन गर्ने हो । उनका अनुसार त्यो उद्देश्यका लागि उनीहरूले सामाजिक, सांस्कृतिक, शिक्षा, स्वास्थ्य, सुरक्षा, छानविन र विकास-निर्माण गरी सातओटा विभागहरू बनाएका छन् । थबाङबाट छिमेकी गाउँहरू उवा र मिरुललाई जोड्ने नयाँ बाटो खनेर उनीहरूले पहिले नै केही विकासका काम गरिसकेका छन् । यस्ता निर्माणका काममा प्रत्येक घरबाट एकजना सहभागी हुनुपर्छ । दुई वर्षभित्रमा थबाङमा एउटा जलविद्युत प्लान्ट निर्माण गर्ने योजना रहेको घर्तीले बताए ।

नेकपा (माओवादी) ले अप्रिल २००२ मा विशेष जिल्ला निर्माण गऱ्यो र २५ फेब्रुअरी २००३ मा थबाङमा आयोजना गरिएको जनसभामा आफ्नो पहिलो जनसरकारको औपचारिक रूपले घोषणा गऱ्यो । रुकुमको पूर्वी भेगका चुनबाङ, महत, काँक्री, कोल, टक्सेरा, हुकाम र माइकोट अनि रोल्पाको उत्तरी भेगका थबाङ, उवा, मिरुल, जेलबाङ, राङ्कोट र कुरेली गरी जम्मा १३ ओटा गाविस यो नमूना जिल्लामा समावेश गरिए । म थबाङमा छँदा थबाङ जनसरकारको भवनमा विशेष जिल्लाका प्रतिनिधिहरूको गोलमेच बैठक भर्खरै सुरु भएको थियो ।[५०] बैठकमा त्यस क्षेत्रका ८० जना जति बुद्धिजीवीले भाग लिए जसमध्ये धेरैजसो विद्यालयका शिक्षक थिए । विशेष जिल्लाका उपप्रमुख र जिल्ला पार्टी इन्चार्ज समेत सबै वक्ताहरू सहभागीहरूलाई आफ्ना तीनओटा मागबारे विश्वस्त गराउन खोजिरहेझैँ लाग्थ्यो । ती तीनओटा अत्यावश्यक माग: १) राजा, माओवादी र सबै राजनीतिक दलहरू सहभागी बन्ने राष्ट्रिय स्तरको गोलमेच सम्मेलन, २) सर्वदलीय सरकार, र ३) संविधान सभाको निर्वाचन थिए ।

विशेष जिल्लाका उपप्रमुख मनप्रसाद श्रेष्ठ[५१] ले मलाई त्यो विशेष जिल्ला बनाउनुको उद्देश्य प्रस्ट पारे:

---

[४९] नेकपा (माओवादी) का पोलिट ब्यूरो सदस्य र प्रवक्ता कृष्णबहादुर महरा उनीहरूका उम्मेदवार थिए । बर्मन बूढा यो गाउँका बासिन्दा भए पनि उनले राष्ट्रिय प्रजातन्त्र पार्टीका बालाराम घर्ती मगरसँग प्रतिस्पर्धा गर्न सकून् भनेर पार्टीले उनलाई रोल्पाको निर्वाचन क्षेत्र नं. १ को टिकट दियो । बर्मनले बालारामले भन्दा दुई हजार भोट बढी ल्याएर चुनाव जिते र बालाराम दोस्रा भए ।

[५०] जनवरी २००३ मा युद्धविरामको घोषणा भएपछि माओवादीद्वारा आफ्ना मागहरूमा विश्वस्त गराउने हेतुले जिल्ला तहमा स्थानीय बुद्धिजीवी र अरू पार्टीका कार्यकर्ताहरू सहभागी हुने 'गोलमेच बैठक' गर्ने रणनीति अपनाइयो ।

[५१] मनप्रसाद श्रेष्ठको जन्मथलो थबाङको नजिक पर्ने महत गाविसको गुनाम गाउँ हो । उनकी स्वास्नी धनमाया मार्च १९९६ मा प्रहरीको हातबाट काँक्री गाविसमा मारिएकी थिइन् । इन्सेक (अनौपचारिक क्षेत्र सेवा केन्द्र) को रिपोर्टअनुसार प्रहरीको एउटा डफ्फाले ३५ वर्षकी धनमायाको पसलअगाडि अन्धाधुन्ध गोली चलाएर एकजना ५० वर्षका किसान, राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्लास्तरीय नेता र रुकुम जिल्ला पञ्चायतका भूतपूर्व उपसभापति ६७ वर्षका चन्द्रबहादुर श्रेष्ठ लगायत उनको ज्यान लियो ।

> विशेष जिल्लाका बासिन्दामा ९५ प्रतिशतभन्दा बढी मगर छन् । विशेष जिल्ला बनाउनुको उद्देश्य यस क्षेत्रमा मगर स्वशासित क्षेत्रको स्थापना गर्नु हो । हामीलाई हाम्रो आफ्नै संस्कृति, धर्म र सरकारको हक छ । यस क्षेत्रको प्रशासन मगरहरूद्वारा चलाइने छ । हामी विद्यालयमा हाम्रो आफ्नै खाम भाषा पनि पढाउने छौँ ।

थबाङ जनसरकारका प्रमुख घर्तीले थपे:

> हाम्रो पार्टीले यहाँ नमूना जिल्लाको रूपमा नयाँ कार्यक्रम लागू गर्न लागेको छ । विशेष जिल्लाको मुख्य उद्देश्य माओवादी विचारधाराको शिक्षा दिएर यस क्षेत्रका सबै मानिसलाई राजनीतीकरण गर्नु हो । हामी मानिसहरूलाई हामीले जनयुद्ध किन सुरु गरेका हौँ भन्ने समेतका राजनीतिक मुद्दाहरूबारे विचारधारात्मक शिक्षा दिन लागेका छौँ । वास्तवमा हामीले थबाङका विद्यालयहरूमा साम्यवादबारे अनौपचारिक कक्षाहरू सुरु गरिसकेका छौँ ।

विशेष जिल्ला वास्तवमा १८ पन्थीहरू (अर्थात् १८ मगर राज्यहरू, जसबारे तल व्याख्या गरिने छ) को उद्गम स्थल हो जहाँ मगरहरूको सबैभन्दा मौलिक संस्कृति छ । खाम त्यहाँको साझा भाषा हो । २००४ को सुरुमा माओवादीका समचारे रिपोर्टहरूमा विशेष जिल्लासम्बन्धी केही नयाँ घटनाहरू देखा परे । नेकपा (माओवादी) ले विशेष जिल्लाको राजधानी थबाङमा ९ जनवरी २००४ मा उसको दाबीअनुसार ७५ हजार मानिसले भाग लिएको जनसभामा मगराँत स्वायत्त प्रदेश निर्माण भएको घोषणा गऱ्यो । ७ र ८ जनवरीमा १३० जना प्रतिनिधिहरूको बैठक बस्यो जसमा उनीहरूले २७ सदस्य भएको जनसरकारको निर्वाचन गरे । थबाङका वरिष्ठ कम्युनिस्ट र संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपालका सदस्य सन्तोष बूढामगर सरकारका प्रमुख चुनिए ।

इमेलमार्फत २० जनवरी २००४ मा वितरण गरिएको माओवादी सूचना बुलेटिन-८ अनुसार उनीहरूले "उत्पीडित जनजाति र क्षेत्रलाई आत्मनिर्णयको अधिकारको साथसाथै स्वशासनको अधिकार दिने पार्टीको नीतिअनुरूप" यो सरकार गठन गरेका थिए । उनीहरूले थप भने– "हाल (अरू) मुक्त क्षेत्रहरूमा स्वशासित जनसरकार गठन अभियान चलिरहेको छ ।"[५२] सन्तोष बूढाको भनाइअनुसार मगराँत स्वायत्त प्रदेशमा रोल्पा, रुकुम, प्युठान, सल्यान, दाङ (उत्तरी भागमात्र), बागलुङ, गुल्मी, अर्घाखाँची, म्याग्दी, स्याङ्जा, पाल्पा, नवलपरासी (पहाडी क्षेत्रमात्र), तनहुँ (आधामात्र) र विशेष जिल्ला गरी जम्मा १४ जिल्ला पर्दछन् ।[५३]

---

[५२] मगराँत स्वायत्त प्रदेश जनसरकारको घोषणा गरेपछि माओवादीले एकपछि अर्को गरी आठओटा स्वायत्त प्रदेशहरूको निर्माण गरे । तीमध्ये पाँचओटा प्रदेश जनजातिमा र तीनओटा क्षेत्रीयतामा आधारित छन् । अघिल्ला प्रदेशमा थारुवान (थारु), तमुवान (गुरुङ), किराँत (राई र लिम्बू), तामाङ र नेवा (नेवार) पर्दछन् भने पछिल्ला प्रदेशमा भेरी-कर्णाली, सेती-महाकाली र मधेश क्षेत्रहरू पर्दछन् ।

[५३] मैले सेप्टेम्बर २००४ मा दोस्रो पटक भेट्दा उनले यो कुरा खोले । उनले मलाई आफूहरूले एउटा जनप्रतिनिधि सभा गठन गरेको कुरा पनि बताए । १३० जना सदस्य भएको त्यो सभामा ९५ जना चुनिएका सदस्य, १५ पार्टीले मनोनित गरेका सदस्य र २० जनमुक्ति सेनाका सदस्य थिए ।

## *प्रतिरोधी गाउँ–थबाङ*

थबाङ पञ्चायत कालमै पनि 'कम्युनिस्ट गाउँ' भनेर चिनिन्थ्यो । मैले यो मगर गाउँ कसरी कम्युनिस्टको गढ बन्यो भन्ने कुरा पत्ता लगाउने कोसिस गरेँ । यस विषयको व्याख्याका लागि बितेका करिब आधा शताब्दीतिर फर्किनु पर्छ । थबाङलाई कम्युनिस्ट गाउँ बनाउने ७४ वर्षका बर्मन बूढामगर[५४], अझै थबाङमै बसोबास गरिरहेका सबैभन्दा पाका कम्युनिस्ट कमान झाँक्री[५५] र सन्तोष बूढामगर गरी तीनजना थबाङ्गीहरूको बयानमा आधारित इतिहास निम्नानुसार छ ।

थबाङ रुकुमकोटका अन्तिम राजाका नाति इन्द्रबहादुर शाहीसँग शान्तिदेवी श्रीको विवाह भएपछि उनलाई उपहार दिइएको बिर्ताको एक भाग थियो ।[५६] बिर्ताको मालिकले एकजना मुखिया अर्थात् गाउँको सामुदायिक नेता नियुक्त गर्थ्यो । त्यो मुखियाले गाउँलेहरूबाट तिरो उठाएर बिर्तावालको कारिन्दालाई बुझाउँथ्यो । बर्मन बूढालाई सम्झना छ, उनको पालामा माथि चर्चा गरिएका रुकुमका तीन शाह राजनीतिज्ञमध्ये एक लोकेन्द्रबहादुर शाहका बाबु उपेन्द्रबहादुर शाह कारिन्दा थिए । १९५९ मा बिर्ता प्रथा उन्मुलन हुनुभन्दा पहिले गाउँलेहरूले बिर्तावाललाई कर तिर्नुपर्थ्यो । मुखियाले गाउँबाट बर्सेनी रु.३४९ उठाउनु पर्थ्यो । तिरो चाँदीका सिक्कामा असुल गरिन्थ्यो । बर्मन बूढालाई सम्झना छ, मुखिया एकाध वर्षमा फेरिइरहन्थ्यो अनि थबाङका गाउँलेहरू बीच मुखियाको कामसित सम्बन्धित विवादहरू उठिरहन्थे । कहिलेकाहीँ कारिन्दाले हस्तक्षेप गरी त्यस्ता विवादहरूको छिनोफानो गर्थ्यो ।

१९५२ तिर कृष्ण झाँक्रीलाई नयाँ मुखिया नियुक्त गरियो । यी 'कृष्ण मुखिया' ले सरसफाइको कुरा उठाएर गाउँलेहरूले सुँगुर पाल्न नपाउने नयाँ गाउँ नियम लागू गरे । धेरैजसो गाउँलेहरूले त्यो नियम पालन नगरेका हुनाले उनी नियम तोड्नेहरूलाई सजाय गर्न थाले । १९५४ मा कृष्ण झाँक्रीको समूह र बर्मन बूढाको समूहबीचमा टक्कर सुरु भयो । त्यो टक्करले १९५५ मा हिंसात्मक रूप लियो । बर्मन बूढाको समूहले पहिले कृष्णको समूहमाथि हमला गरेपछि बर्मन बूढालाई प्रहरीले पक्राउ गरी तीन दिनसम्म थुनामा राख्यो । त्यसपछि जुन १९५५ मा बर्मन बूढा समेत सातजनालाई कम्युनिस्ट भएको जाली आरोप लगाएर एक महिनासम्म प्युठानमा थुनियो । वास्तवमा त्यस बेलासम्म उनीहरूलाई कम्युनिस्टको 'क' सम्म थाहा थिएन ।[५७] उनीहरू छुटेपछि थबाङ फर्के तर कृष्ण मुखियाको समूहले ती सातजना र तिनका परिवारलाई गाउँबाट निष्काशन गर्‍यो । अनि उनीहरू छ महिनासम्म बाहिर बस्न बाध्य भए ।

---

[५४] माथि चर्चा गरिएझैँ संसदको शपथ ग्रहण गर्दा मगर पोशाक लगाएर उनी नामी भए ।

[५५] उनी त्यस्तै ७० वर्षका छन् । उनले १९६९ मा नेकपाको सदस्य बनेर तीन सदस्यीय 'सेल कमिटी' गठन गरे । उनी १९८७ देखि १९९० सम्म थबाङका प्रधानपञ्च थिए । उनको भनाइअनुसार त्यो बेला थबाङका धेरैजसो गाउँलेहरू कम्युनिस्ट भइसकेका हुनाले कसैको विरोधबिना नै उनी चुनिएका थिए ।

[५६] बर्मन बूढाले थबाङ र उवाबीचको जग्गासम्बन्धी झगडाको सिलसिलामा मालपोत कार्यालयमा थबाङका लालपुर्जाहरू हेर्न जाँदा आफूले यो कुरा थाहा पाएको बताए ।

[५७] प्युठानमा छँदा मोहन विक्रम सिंह र बर्मन बूढाको भेट भएको हो भन्ने दाबी गरिन्छ तर यो कुरा उनीहरू दुवैजना अस्वीकार गर्छन् । वास्तवमा मोहन विक्रम थबाङ जानु पहिले बर्मन र मोहन विक्रमबीच भेटघाट भएको थिएन ।

१९५६ को वसन्त याममा एकजना नामी कम्युनिस्ट नेता मोहन विक्रम सिंह खगुलाल गुरुङ समेत तीनजना कमरेडहरू थबाङमा अडिए । उनीहरू भर्खरै सल्यान कारागारबाट रिहा भएर रोल्पा र रुकुमको बाटो गरी आफ्नो घर प्युठान फर्कंदै थिए। बर्मनको भनाइअनुसार पहिलो पटक थबाङमा आउने राजनीतिक मानिस उनीहरू नै थिए । मोहन विक्रम र अरू दुई जना कम्युनिस्ट थबाङमा तीन-चार दिन बसे । त्यहाँ बसेको बेला उनीहरू बर्मनको समूह र कृष्ण झाँक्रीको समूहलाई आपसमा लड्न छाडेर मिलिजुली किसान सङ्गठन खोल्नका लागि विश्वस्त गराउन सफल भए। कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लागेको हुनाले त्यस बेला उनीहरूले पार्टीको मोर्चाको रूपमा काम गर्ने किसान सङ्गठन बनाए । बर्मनले किसान सङ्गठन बनाउन आफूहरू सहमत हुनाको कारण खुलाउँदै भने– “हामीलाई राजनीतिबारे केही थाहा नहुँदा नहुँदै पनि कम्युनिस्टको आरोप लगाइयो । त्यसकारण यो कम्युनिस्ट भनेको के हो जान्न खसखस लागेर आयो ।” ठीक त्यसरी नै अचेल माओवादी नभएकाहरू माओवादी भएको शङ्काकै भरमा आफ्नो परिवारका मानिस र नातेदारहरू मारिँदा माओवादीमा सामेल हुने गरेका छन् ।

बर्मन बूढा छ सदस्य भएको किसान सङ्गठनका सचिव बने । कृष्ण मुखिया क्षय रोगले बितेपछि बर्मन १९५८ मा मुखिया बने । १९५९ को पहिलो आम निर्वाचनमा थबाङका सबै मतदाताले खगुलाल गुरुङलाई मतदान गरे । उनी प्युठान निर्वाचन क्षेत्रबाट कम्युनिस्ट पार्टीको उम्मेदवारका रूपमा चुनाव लडेका थिए ।[५८] मोहन विक्रम फेरि कहिल्यै थबाङ नगए पनि खगुलाल भने १९५६ को पहिलो भ्रमणपछि बारम्बार त्यहाँ गइरहे । त्यो चुनावपछि प्रशासनका आँखा थबाङतिर एकोहोरिए । तर बर्मन बूढाको पहलमा १९५९ मा थबाङमा पहिलो प्राथमिक स्कूल खुलेपछि त्यहाँ कम्युनिस्ट विचारले बढी सङ्गठित रूपले जरा गाड्न थाल्यो । सबभन्दा पहिले बर्मनले थबाङ्गी एक भूपू भारतीय गोरखा सिपाहीलाई विद्यालयको शिक्षक बनाए । पछि १९६५ मा उनले मोहन विक्रम सिंह समूहका प्युठानबासी कम्युनिस्ट खिमान सिंह गुरुङलाई शिक्षक बन्न डाके ।[५९] गुरुङ १९३० मा जन्मेका थिए । उनले थबाङमा दुई वर्ष पढाए । उनले हप्ताको एक दिनका दरले रात्रि पाठशाला पनि चलाए जहाँ क्रान्तिकारी गीतहरूको माध्यमले युवा र पाका दुवैथरी मानिसलाई कम्युनिस्ट विचारधारा सिकाए । १९६८ मा प्युठानबाट अर्का कम्युनिस्ट दीपक केसी आएर स्कूलको प्रधानाध्यापक बने र उनले थबाङमा कम्युनिस्ट पार्टीको काम गरे ।[६०]

१९७० को दसकको सुरुतिर भूपू प्रधानपञ्च रामकुमार बूढा र बर्मन बूढाको समूहको बीचमा अर्को द्वन्द्व सुरु भयो । प्रशासनसँग नजिकको सम्बन्ध भएका रामकुमारले थबाङका मानिसलाई पञ्चायत समर्थक बनाउने कोसिस गर्दै लिबाङको प्रशासनलाई बर्मन समूहका

[५८] त्यो चुनावमा नेपाली काङ्ग्रेसका उम्मेदवार अनिरुद्र शर्मा विजयी भए । त्यो बेला थबाङ प्युठान जिल्लामा पर्थ्यो । १९६३ मा सिमानाको पुनःरेखाङ्कन गरिएपछि थबाङ रोल्पा जिल्लामा पर्‍यो ।

[५९] मैले उनलाई अक्टोबर २००४ मा प्युठानमा भेटेकी थिएँ । अहिले माओवादीसँग उनको कुनै सम्बन्ध छैन ।

[६०] दीपक केसी अहिले मगराँत स्वायत्त प्रदेश जनसरकारको सदस्य छन् । उनी माओवादीको पहिलो प्युठान जिल्ला जनसरकार प्रमुख थिए ।

राजनीतिक क्रियाकलापबारे पोल लगाउन थाले । रामकुमारले गरेको झोसपोलको कारणले गर्दा १९७३ मा कमान झाँक्री र अरू मानिसलाई कम्युनिस्ट भएको आरोप लगाएर सार्वजनिक सुरक्षा ऐनअन्तर्गत पक्राउ गरियो । ती दुई समूहबीच द्वन्द्व एकदमै चर्केर जाँदा १९७५ तिर त्यो बन्दुककै लडाइँमा परिणत हुनपुग्यो । १९७८ मा कमानलाई पनि एक महिनासम्म लिबाङ कारागारमा थुनियो । तर थबाङका धेरैजसो मानिसहरू १९७० तिर नै साम्यवाद समर्थक भइसकेका थिए । त्यसैले रामकुमारका प्रयासहरू फासफुस भए । पछि उनका केही समर्थकले कम्युनिस्ट विचार छाडे अनि अरूहरू चाहिँ थबाङबाट अन्तै गएर बसे ।

१९८० मा पञ्चायती व्यवस्थालाई निरन्तरता दिने कि बहुदलीय व्यवस्था लागू गर्ने भन्ने कुराको निधो गर्न गरिएको राष्ट्रिय जनमत सङ्ग्रहमा थबाङका सबै मत बहुदलीय व्यवस्थाको पक्षमा परे । त्यो बेला बर्मन बूढा थबाङका प्रधानपञ्च थिए । उनले त्यो पद तीन पटक जितेका थिए । उनलाई कुनै आरोप बेगर सुरक्षा कानूनअन्तर्गत पक्राउ गरी २७ महिनासम्म लिबाङ र घोराहीको कारगारमा थुनियो । थबाङका सबै मतदाताले १९८१ को आम निर्वाचन बहिष्कार गरेको बेला उनी कारागारमा थिए । त्यो निर्वाचनमा एक मत पनि नखसेको एकमात्र गाउँ थबाङ थियो । त्यसबाट प्रशासन बेखुस हुनु स्वाभाविकै हो । त्यस बेला माध्यमिक विद्यालयमा पढिरहेका सन्तोष बूढामगरलाई गाउँलेहरूले भनेको सम्झना छ– "बर्मन बूढा जेलबाहिर भएका भए हामी उनैको नेतृत्वको पछि लाग्थ्यौँ । तर उनी नहुनाले हामीले नेकपा (चौथो महाधिवेशन) को चुनाव बहिष्कार गर्ने निर्णयको पालना गर्‍यौं ।"

बर्मन बूढाले आफू प्रधानपञ्च भएको बेला गाउँ पञ्चायतको भित्तामा झुण्ड्याइएका राजा-रानीका तस्बिर जलाए भनेर व्यापक रूपले विश्वास गरिने एउटा कथा छ । वास्तवमा यो कथा सत्य होइन । १९८१ मा जे भयो त्यसको साँचो कथा यस्तो छ । बर्मन बूढा थुनामा भएको बेला पञ्चायती व्यवस्थाका समर्थक थबाङका त्यो बेलाका उप-प्रधानपञ्च बर्मन रोका गाउँ पञ्चायत कार्यालयमा भएको एउटा जमघटमा एकजना किसानबाट पिटिए । त्यो हातपातको बीचमा टेबुलमा भएका राजा-रानीका तस्बिर दुर्घटनावश भूइँमा बजारिन पुगे । बर्मन रोकाले त्यो घटनाबारे जाहेरी दिँदै राजदम्पत्तिका तस्बिर बर्मन बूढा र अरू गाउँलेहरूले जानाजान जलाएका हुन् भनी दाबी गरे । घटना भएको बेला बर्मन कारागारमा भए तापनि उनलाई राजदम्पत्तिका तस्बिर जलाएबापत राज्यविरोधी अपराधको आरोप लगाइयो ।

आम निर्वाचनपछि अक्टोबर १९८१ मा थबाङमा ठूलो प्रहरी अपरेशन भयो ।[६१] प्रहरी बल माध्यमिक विद्यालयको प्राङ्गणमा शिविर खडा गरी झन्डै एक महिनासम्म बस्यो । अपरेशनको क्रममा कमान झाँक्री समेत आठजनालाई पक्राउ गरियो । झाँक्रीलाई अढाई वर्षसम्म दाङ जिल्लाको तुलसीपुर कारागारमा थुनियो । थुप्रै थबाङ्गीहरूलाई १९८१ अक्टोबर (२०३८ साल कात्तिक) मा गरिएको त्यो अपरेशनको अझै सम्झना छ । १० कक्षामा पढिरहेका र त्यसबेला पार्टीको विद्यार्थी मोर्चाको प्रतिनिधि रहेका सन्तोष बूढामगर भन्छन्:

[६१] यो अपरेशन सुरु गरिँदा रोल्पाका एकजना राष्ट्रिय पञ्चायत सदस्य बालाराम घर्तीमगर गृहमन्त्री थिए ।

> प्रहरीहरूले कात्तिक ५ गते बिहान सबेरै गाउँमा घेरा हाले । उनीहरूले विद्यार्थी, शिक्षक र हुलाकका हाकिमसमेतलाई पक्राउ गरे । हामी गाउँबाट भाग्न सक्यौँ र केही समय गाउँबाहिर बस्यौँ । त्यो अपरेशनपछि थबाङका जनतामा राज्यविरोधी भावना बढेर झनै चर्को भयो । अनि शत्रुहरूसँग खुकुरी, लाठा र बन्दुकसमेतले लडेर तिनलाई लखेट्न हामीले सशस्त्र टोलीहरू गठन गऱ्यौँ । त्योभन्दा पहिले पनि प्रशासनले थबाङ्गीहरूलाई निशाना बनाएको थियो र थुप्रै मानिसलाई हत्यासमेत अनेकौँ आरोप लगाएको थियो ।

कात्तिकमा गरिएको अपरेशनपछि थबाङमा इलाका प्रहरी कार्यालय खडा गरियो । त्योभन्दा पहिले थबाङमा सरकारको उपस्थितिको चिह्नका रूपमा एउटा हुलाक कार्यालय र एउटा स्वास्थ्य चौकीमात्र थिए । प्रहरीहरू माओवादी विद्रोहबाट उत्पन्न भएको असुरक्षाले गर्दा १९९८ मा गाउँबाट पछि नहटुञ्जेलसम्म त्यहाँ रहिरहे ।

बर्मन बूढा थबाङका प्रधानपञ्च भएकै बेला अर्को एउटा घटना भयो । त्यस घटनामा थबाङ्गीहरूको राज्यविरोधी भावना झल्केको छ । घटना १९८१ को आम निर्वाचनभन्दा अघिको हो । रोल्पा जिल्ला पञ्चायतले गाउँलेको श्रमदानबाट जिल्लाभरि सडक बनाउने निर्णय गऱ्यो । जिल्ला प्रशासनले थबाङका जनतालाई दाङ जिल्लाको सिमानादेखि लिबाङसम्म बाटो बनाउने जिम्मा दियो । थबाङ्गीहरूले आपसमा छलफल गरेर त्यो काममा सहभागी नबन्ने निधो गरे किनभने बाटो बनाउने ठाउँ उनीहरूको गाउँदेखि धेरै टाढा पर्थ्यो ।[६२] थबाङबाट हिँडेर दाङको सिमानामा पुग्न पाँच दिन लाग्थ्यो । यो दूरीबाहेक मानिसहरू त्यो वर्ष खानाको अभावले ग्रस्त भएका थिए । सन्तोष बूढाले माग अस्वीकार गर्नुको कारणको यसरी खुलासा गरेः

> हामीलाई प्रशासनका मानिसहरूले निर्माण कार्यको बजेटको सार्वजनिक पैसा आफ्नै खल्तीमा हालिरहेका होलान् भन्ने आशङ्का थियो । यो अन्याय हो भन्ने लागेपछि किन श्रमदान गर्ने ? प्रशासनले हाम्रो विद्यालयलाई केही रकम दिने, हामीलाई श्रमको ज्याला दिने अथवा बाटोको रुट परिवर्तन गरी हाम्रो गाउँनजिकै पार्ने सर्तमा मात्र हामीले काम गर्ने निधो गऱ्यौँ । बर्मन बूढाले त्यो निर्णय लिबाङको प्रशासनमा पुऱ्याए तर तिनले हाम्रो कुरा मानेनन् । त्यसैले हामीले काम गर्न इन्कार गऱ्यौँ ।

## ***थबाङका गाउँलेहरूबीच द्वन्द्व***

मैले जुन २००२ मा थबाङका केही गाउँलेहरूलाई भेटिसकेकी थिएँ । उनीहरूलाई मैले रोल्पाको सदरमुकाम लिबाङस्थित जिल्ला प्रहरी कार्यालय अगाडिको एउटा सानो घरमा भेटेकी थिएँ । त्यो घरमा ३६ वर्षका कलाम रोकामगर, उनका बाबु,[६३] उनका दुईओटी श्रीमती र छ जना छोराछोरी बसेका थिए । कलाम रोका १९९७ को स्थानीय निर्वाचनमा थबाङ गाविसको उपाध्यक्ष बनेका थिए ।[६४] उनी निर्वाचनमा उठ्ने एक्लो उम्मेद्वार भएको

---

[६२] बमकुमारी बूढामगरको भनाइअनुसार कोटगाउँका गाउँलेहरूले पनि सडक निर्माण कार्यमा सहभागी बन्न इन्कार गरेका थिए । तर यससम्बन्धी कारण भने बढी व्यक्तिगत प्रकृतिको थियो । उनीहरूले आफ्नो गाउँका त्यस बेलाका प्रधानपञ्चको विरोध गर्ने चाहना मात्र लिएका थिए ।

[६३] उनका बाबु बर्मन रोका १९८१ मा थबाङ गाउँ पञ्चायतका उप-प्रधानपञ्च थिए । उनले नै बर्मन बूढालाई राजारानीका तस्बीर जलाएको आरोप लगाएका थिए ।

[६४] यो स्थानीय निर्वाचनमा रोल्पाका छओटा गाविसमा मतदान सञ्चालन गरिएन ।

हुँदा थबाङमा मतदान भएन । अनि उनी स्वतः उपाध्यक्ष भए ।[६५] उनले नेपाली काङ्ग्रेसले आफूलाई आफ्नो इच्छाविरुद्ध उम्मेद्वार बनाएको बताए । उनी त्यो बेलादेखि आफ्नो परिवारसँग लिबाङमा बसेका थिए किनभने थबाङका माओवादी र तिनका समर्थकले उनीहरूलाई त्यहाँ बस्न दिएनन् ।[६६] मैले कलामसँग भेटेका केही युवाहरूले भने– "थबाङमा पाँच दिन बस्नुभयो भने तपाईं माओवादी बन्न बाध्य हुनुहुनेछ । नत्रभने तपाईं त्यहाँ बस्न सक्नुहुन्न ।" जनयुद्ध सुरु भएको एक वर्षपछिदेखि अर्थात् लगभग १९९७ देखि थबाङको स्थिति त्यस्तो छ भनेर उनीहरूले दाबी गरे । ती युवाहरू खाडी मुलुकमा काम खोज्न जाने तयारीमा थिए । तिनले विदेश जाँदा माओवादीलाई १५ हजार तिर्नुपर्ने बताए ।

कलाम रोका २००२ को मार्च महिनाको अन्ततिर सुरक्षा फौज र केही सरकारी अधिकारीसँग थबाङ फर्के ।[६७] उनीहरू थबाङ पुग्दा झन्डै सबै गाउँलेहरू भागिसकेका थिए । गाउँमा केही बूढापाका मात्र बाँकी थिए । माओवादीले रोल्पाको उत्तर-पूर्वमा रहेको गाम गाविसको सुरक्षा शिविरमा आक्रमण गरी झन्डै सत्तरीजना सुरक्षाकर्मीलाई मारेपछि थबाङको सुरक्षा फौज लिबाङ फर्कियो । थबाङबाट फर्केपछि कलाम रोकाले माओवादीले 'तिम्रो शत्रु थबाङ्गी जनता' का नाममा पठाएको पत्र पाए । त्यो एउटा धम्कीपत्र थियो जसमा 'थबाङ फर्किस् भने तेरो ज्यान जानेछ' भनिएको थियो । त्यो पत्र कलामप्रति घृणा देखाउने तीव्र आवेगका अभिव्यक्तिहरूले भरिएको थियो । जनयुद्ध सुरु गरेको एकाध वर्षभित्र माओवादीले थबाङका चारजना गाउँलेको हत्या गरिसकेका थिए । कलामको भनाइअनुसार ती सबैजना राजनीतिक कारणले नभई व्यक्तिगत हिसाबकिताब चुक्ता गर्न मारिएका थिए ।

थबाङका ९० प्रतिशतभन्दा धेरै बासिन्दा मगर छन् । त्यहाँ केही दलित (कामी र दमाई)[६८] र केही गुरुङ परिवार पनि छन् । तर त्यहाँ बाहुन र क्षेत्री-ठकुरीका घर-परिवार भने छैनन् । थबाङको मुख्य गाउँको अनुहार अरू गाउँहरूको भन्दा फरक छ । त्यहाँ घर बनाउने ठाउँको कमी नभए पनि घरहरू सँगसँगै झुरुप्प खडा भएका छन् । बर्मन बूढाले त्यसो हुनाको कारण यसरी खुलाए:

> पहिले-पहिले रुकुमको दिशाका शक्तिहरू थबाङमाथि घरिघरि आक्रमण गरिरहन्थे । थबाङ्गीहरूलाई नजिक-नजिकै बसेको खण्डमा आफ्नो जोगाउ गर्न सजिलो होला भन्ने लाग्यो । फेरि, थबाङका धेरैजसो परिवारको बारी धेरै माथि दुई-तीन घण्टाको बाटोमा छ । हामीले बिहान एकदम सबेरै

---

[६५] दिलबहादुर बूढामगर पनि त्यसैगरी थबाङ गाविसका अध्यक्ष चुनिएका थिए । उनी पनि लिबाङमै बसेका छन् ।

[६६] जुन २००२ मा अन्तर्वार्ता लिँदा रोल्पाका सीडीओले भनेअनुसार माओवादीका धम्कीका कारण आफ्नो गाउँमा बस्न नसकेका ४२० जना जति शरणार्थीको रुपमा लिबाङमा बसेका थिए ।

[६७] कलाम रोकाका अनुसार गाविसको उपाध्यक्षको हैसियतले उनी र १४ जना सरकारी अधिकारीहरू सुरक्षा फौजसँग थबाङ गएका थिए । त्यहाँ बसेको बेला सरकारी अधिकारीहरूले गाउँलेहरूबाट कर र बैंकका ऋणहरू उठाए । त्यहाँ पुगेको दोस्रो दिन सुरक्षा फौजले गाउँको बीचका १५ ओटा घर जलायो ।

[६८] बर्मन बूढाको भनाइअनुसार उनी १९९६ मा थबाङबाट हिँड्दा ३० परिवार जति दमाई मुख्य गाउँ वरिपरिको क्षेत्रमा बसोबास गरेका थिए र त्योभन्दा माथि ८० परिवार कामीहरू बसोबास गरेका थिए । उनले थबाङका दलितसँग जग्गा नभएको तर आफू मुखिया भएपछि आफ्नो पहलमा १९६८ तिर उनीहरूलाई जग्गा दिइएको बताए । बर्मनले उनको पुस्तामा दलितमाथि छुवाछूत बिरलैमात्र थोपरिएको तथा मगर र दलितका बीचमा अन्तरजातीय विवाह भएका केही उदाहरण पनि छन् भने ।

> त्यहाँ गएर बेलुका अँध्यारो भएपछि फर्किनु पर्छ। हाम्रो जीवन मौरीको जीवनजस्तै छ। त्यसैले यहाँका मानिसहरू नजिक-नजिकै झुरुप्प बस्न मन गर्छन्।

बर्मन बूढाका अनुसार गाउँलेबीचका द्वन्द्वहरू एकदमै आम घटनाजस्ता थिए। अहिले ७४ वर्ष पुगेका यी बूढालाई सम्झना छ, उनी तीन-चार वर्षको केटो छँदादेखि नै लाठो लिएर लड्ने झडपमा सामेल भइसकेका थिए। थबाङको प्रतिकारका प्रतीक बर्मन बूढा १९९६ मा माओवादीले विद्रोह सुरु गरेदेखि कहिल्यै पनि गाउँ फर्केका छैनन्।[६९] उनी अहिले राजधानीमा एक प्रकारले आश्रितको जीवन बिताउँदै राजनीतिबाट अलग बसेका छन्। माओवादी अडानलाई समर्थन नगरे पनि उनले जनयुद्धबारे यस्तो टिप्पणी गरेः

> माओ र लेनिनका पुस्तक पढेका नेताहरूले हामीलाई यो देशका मानिसहरू समान छैनन् भन्ने कुरा सिकाए। सरकारी अड्डाका बहुसङ्ख्यक पदहरू उच्च जातका मानिसहरूले ओगटेका छन्। उपल्ला जातले तल्ला जातका शिरमा गिर खेल्ने स्थिति अझै फेरिएको छैन। अहिले मगरहरू जनयुद्धद्वारा आफ्नो हक फिर्ता लिन कोसिस गर्दैछन्।

## रोल्पा र रुकुममा साम्यवादका भ्रूणहरू

### *मोहन विक्रमरूपी कारक*

राप्ती अञ्चलको प्युठान जिल्ला धेरै कम्युनिस्ट नेता जन्माउने जिल्ला भनेर चिनिन्छ जसमा नेकपा (एकता केन्द्र-मसाल) का महामन्त्री मोहन विक्रम सिंह[७०] र नेकपा (माओवादी) का एक नेतृत्वदायी सदस्य किरण वा मोहन वैद्य[७१] समेत पर्दछन्। मोहन विक्रम सिंहबाट पार्टी अध्यक्ष प्रचण्ड लगायत अधिकांश माओवादी नेताहरू धेरै वा थोरै मात्रामा प्रभावित भएका हुन्।[७२]

---

[६९] मार्च २००२ मा थबाङमा सुरक्षा फौज आयो र उनको एउटा घर ध्वस्त पार्‍यो। माओवादीले ओगटेको उनको अर्को घर पनि सुरक्षा फौजले फेब्रुअरी २००४ मा ध्वस्त पार्‍यो।

[७०] २००२ मा नेकपा (मसाल) र नेकपा (एकता केन्द्र) लाई मिलाएर यो पार्टीको गठन गरिएको थियो।

[७१] सरकार समक्ष आत्मसमर्पण गरेका जनमुक्ति सेनाको भेरी-कर्णाली ब्रिगेडका पूर्व कमाण्डर होमप्रसाद श्रेष्ठसँग नेपाल टेलिभिजनले लिएको अन्तर्वार्ताअनुसार किरण पूर्वी नेपालका पार्टी इन्चार्ज थिए। तर उनी मार्च २००४ मा भारतीय प्रहरीद्वारा सिलिगुडीमा समातिए। किरण माओवादीका वरिष्ठतम् नेताहरूमध्ये एक हुन्। उनी नेकपा (मशाल) का पहिला महासचिव थिए तर १९८९ को सेक्टर काण्डलाई लिएर उनलाई घटुवा गरियो अनि प्रचण्ड उर्फ पुष्पकमल दाहाल महासचिव बने। नेकपा (मशाल) का भूतपूर्व विद्यार्थी नेता दीपक महतले साप्ताहिक *जनआस्था* (२०५९ फागुन ७) लाई बताएअनुसार सेक्टर काण्डले गर्दा नै प्रचण्ड नेकपा (मशाल) का नेता बन्न समर्थ भएका थिए। उनले भनेअनुसार सेक्टर काण्ड वास्तवमा माओवादी जनयुद्धको आरम्भ थियो। नेकपा (मशाल) ले १९८६ को चुनाव बहिष्कार गर्ने नीति अपनाएर काठमाडौँका प्रहरी बिटहरूमा आक्रमण गर्ने निर्णय गर्‍यो। दीपक महतका अनुसार उनीहरूले नौओटा प्रहरी बिटहरूमा आक्रमण गरी केही प्रहरीलाई घाइते तुल्याए। त्यो घटनापछि नेकपा (मशाल) का थुप्रै कार्यकर्ता गिरफ्तार गरिए जसको नतिजास्वरूप पार्टी सङ्गठन कमजोर बन्यो। पछि पार्टीले त्यो नीति गलत भएको निष्कर्ष निकाल्यो अनि त्यो नीति अपनाएबापत तत्कालीन महासचिव किरण र सबै पोटिलब्यूरो सदस्यहरूलाई घटुवा गरियो। त्यो घटना सेक्टर काण्ड भनेर प्रचारित भयो।

[७२] मोहन विक्रम सिंहले जनयुद्धको आरम्भदेखि नै त्यसको विरोध गर्दै आएका छन्। उनी अझै 'अर्ध-भूमिगत' रूपमा बस्ने गरेको काठमाडौँमा २००२ मा लिएको एउटा अन्तर्वार्तामा उनले मलाई यसो भने– "म जनयुद्धकै विरोधी त होइन तर यसको समय अझै आइसकेको छैन। माओवादीले अनुपयुक्त समयमा जनयुद्ध सुरु गरेका हुनाले राजा र भारतले यसबाट फाइदा उठाइरहेका छन्।"

मोहन विक्रमको पार्टी नेकपा (मसाल) बाट मोहन वैद्यको नेतृत्वमा रहेको समूह १९८५ मा फुटेर नेकपा (मशाल) को गठन नहुञ्जेलसम्म उनीहरू एउटै पार्टीमा थिए । बाबुराम भट्टराई पनि १९९१ सम्म मोहन विक्रमको पार्टीमा रहे । १९३० को दसकको मध्यमा प्युठानको ओखरकोट गाविसका मुखियाका छोराका रूपमा मोहन विक्रमको जन्म भएको थियो । मोहन विक्रमको आफ्नै बकपत्रअनुसार उनी पहिले नेपाली काङ्ग्रेसमा सामेल भए । तर काठमाडौँको विद्यार्थी आन्दोलनमा संलग्न हुँदा पक्राउ परी दुई वर्ष कारागारमा थुनिएपछि उनी नेपाल कम्युनिस्ट पार्टीमा सामेल भए । उनले फेब्रुअरी १९५४ मा प्युठान फर्केर किसान आन्दोलन सुरु गरे र विजयनगरमा जनशिक्षा शिविर खोले जसमा १५० जना मानिसले सामूहिक जीवन यापन गर्दै तीन महिनासम्म साम्यवादबारे सिके । अर्को साल उनी फेरि पक्राउ परे । यस पटक पनि उनी दुई वर्ष कारागारमा थुनिए । उनी १९५७ मा नेकपाको दोस्रो महाधिवेशनमा केन्द्रीय समितिको सदस्य चुनिए अनि १९६१ मा फेरि पक्राउ परेर अर्को साढे नौ वर्षसम्म विभिन्न कारागारमा थुनिए । मोहन विक्रमका सबैभन्दा पुराना एक कमरेड खिमान सिंह गुरुङको भनाइअनुसार 'जनवादी प्रशिक्षण शिविर' का सहभागीहरू पार्टीमा सामेल भई मोहन विक्रमका अनुयायी बने ।[७३]

मोहन विक्रम अधिकांश समय कारागारमा भए पनि उनका कार्यकर्ताहरू रोल्पा र रुकुम लगायत प्युठान र त्यस वरपरका क्षेत्रहरूमा सक्रियतासाथ साम्यवादी विचार फिँजाइरहेका थिए । माथि चर्चा गरिएझैँ खिमान सिंह गुरुङ र दीपक केसीले विद्यालयको शिक्षकका रूपमा थबाङ गएर गाउँलेहरूमाझ साम्यवादको प्रचार गरे । सन्तोष बूढामगरका अनुसार १९८० तिर किरण रोल्पा जिल्लाको पार्टी प्रमुखको हैसियतले घरिघरि थबाङमा आइरहन्थे । माओवादीका अर्का पोलिट ब्यूरो सदस्य बादल उर्फ रामबहादुर थापाले पनि १९८६ देखि राप्ती अञ्चलको पार्टी प्रमुखको हैसियतले यस क्षेत्रमा काम गरी पार्टी सङ्गठनको स्थापनामा महत्त्वपूर्ण भूमिका खेलेका थिए ।[७४] अति लोकप्रिय नेता बादल मगर हुन् तर उनी मगर भाषा बोल्दैनन् किनभने उनी चितवनमा हुर्केका थिए । उनका बाबु भारतीय सेनाका भूपू सिपाही र उनको परिवारको बसोबास त्यहीँ थियो ।[७५]

## *रुकुमका कम्युनिस्टहरू*

मोहन विक्रम सिंहबाट प्रेरित यी क्रियाकलापहरूका अतिरिक्त थबाङका मानिसहरू कम्युनिस्ट हुनुभन्दा पहिले रुकुममा अर्को आन्दोलन चलेको थियो । रुकुम जिल्ला पञ्चायतका भूपू सभापति

---

[७३] खिमान सिंह त्यो बेला सार्वजनिक विद्यालयका शिक्षक थिए । त्यसैले उनी स्वयं भने त्यो शिविरमा सहभागी हुन सकेनन् । मोहन विक्रम र उनका कमरेडहरूले मोहन विक्रमको जन्मथलो ओखरकोट नजिकैको नारीकोटमा स्थापना गरेको विद्यालयमा पढाउन थालेपछि उनी कम्युनिस्ट भए ।

[७४] मोहन विक्रम सिंहले जलजला नामकी महिला कार्यकर्ताको पनि चर्चा गरे (तिनको वास्तविक नाम विद्या ढकाल हो) जसले १९७७ मा थबाङमा बसेको बेला पार्टी सङ्गठन खोल्नका लागि काम गरेकी थिइन् । उनको १९८१ मा नयाँ दिल्लीमा एउटा दुर्घटनामा मृत्यु भयो ।

[७५] बादलले पूर्व सोभियत सङ्घमा इन्जिनियरिङ अध्ययन गरे । उनी माओवादीका 'सैन्य प्रमुख' हुन् भनी व्यापक रूपले दाबी गरिएको थियो तर पार्टीले १० जनवरी २००२ मा प्रकाशित माओवादी सूचना बुलेटिन-१ मार्फत यस कुरालाई जोडदार रूपले अस्वीकार गर्‍यो ।

ताराप्रसाद घर्तीमगरको भनाइअनुसार कामी बूढामगर रुकुमका प्रथम कम्युनिस्ट थिए । उनी भारतीय सेनाका भूपू सिपाही र भैरहवामा केआई सिंहसँग मिलेर १९५१ को दिल्ली सम्झौताविरुद्ध विद्रोह गर्ने एकजना जोदाहा थिए । सिंह भागेर चीन गए, कामी बूढाले चाहिँ रुकुममा फर्केर वैकल्पिक सरकार गठन गरे । त्यो सरकारका दुईजना सदस्य रुकुमको बालाक्चा गाविसमा अझै जीवित छन् । कामी बूढा सल्यानमा हुनसक्ने गिरफ्तारीलाई छल्नका लागि उत्तर-पश्चिम नेपालको हुम्लामा गए जहाँ उनी र उनको समूह सरकारी कार्यालय कब्जा गरी केही समय बस्यो । तर उनलाई पक्राउ गरेर जुम्ला लगियो र १९५५ मा प्रहरीबाट उनको हत्या भयो ।

पञ्चायती राजमा मोहन विक्रमको समूह रुकुममा पनि क्रियाशील थियो । स्कूलहरू उनीहरूले सङ्गठनात्मक क्रियाकलाप गर्ने महत्त्वपूर्ण ठाउँ थिए । ताराप्रसाद घर्तीमगर मुसिकोटको माध्यमिक विद्यालयको कक्षा ९ मा पढ्दै गर्दा दाङका एकजना शिक्षकको प्रभावमा परी १९६६ मा कम्युनिस्ट बने ।[७६] ती शिक्षक मोहन विक्रम समूहका थिए । ताराप्रसाद र उनका तीन सहकर्मीहरूले आफ्नै पहलमा नोभेम्बर-डिसेम्बर (माघ) १९६६ मा रुकुममा कम्युनिस्ट पार्टीको पहिलो 'सेल कमिटी' गठन गरे । कमिटीमा कक्षा १० का विद्यार्थी ध्रुव जङ्ग मल्ल, शिक्षक डिल्लीबहादुर मल्ल र किसान इस्कन्ध शर्मा थिए । यी शर्माका छोरा 'प्रभाकर' उर्फ जनार्दन शर्मा हाल नेकपा (माओवादी) को पोलिट ब्यूरो सदस्य छन् । खलङ्गामा कमिटी गठन भएको लगत्तै बालाक्चा र त्यसपछि चौकाबाङमा त्यस किसिमका कमिटीहरू गठन गरिए । ताराप्रसादको भनाइअनुसार रोल्पा जिल्लाका थबाङ, लिबाङ, गजुल र रुघा (रुघा १९७८ मा रुकुम जिल्लामा समावेश गरिएको थियो) मा चारओटा सेल कमिटी बने । उनीहरूले यी चारओटा सेल कमिटीको प्रतिनिधित्व गराई रोल्पा जिल्ला कमिटी गठन गरे तर टाढाटाढा बसेर आपसमा सम्पर्क हुन नसक्दा त्यसले राम्ररी काम गर्न सकेन ।

डिसेम्बर १९७२ मा खलङ्गा, बालाक्चा, चौकाबाङ र रुघा (हाल यी सबै गाउँ रुकुमको दक्षिणी भेगमा अवस्थित छन्) गरी चार सेल कमिटीलाई एकीकरण गरेर यस क्षेत्रमा कम्युनिस्टको पहिलो जिल्ला स्तरीय कमिटीको गठन भयो जसको नाम रुकुम-रोल्पा जिल्ला कमिटी राखियो (त्यतिबेलासम्म रुघा रोल्पा जिल्लामै पर्थ्यो) । थबाङ, गजुल र लिबाङका कमिटीहरू समावेश गरिएनन् किनभने तिनीहरू ज्यादै टाढा थिए । ताराप्रसाद यो सात सदस्यीय कमिटीका सचिव बने । यो कमिटीका धेरैजसो सदस्यहरू मगर थिए र उनीहरू शिक्षण पेशामा थिए । ताराप्रसाद पनि बालाक्चा माध्यमिक विद्यालयका शिक्षक थिए । उनी फेरि कमिटीको अध्यक्ष चुनिए । यो कमिटी १९७४ मा रुकुम जिल्ला कमिटीको गठन नहुन्जेल क्रियाशील रह्यो ।

ताराप्रसादको भनाइअनुसार उनीहरूले ती सबै कमिटीहरू पार्टीको अर्थात् नेपाल कम्युनिस्ट पार्टीको निर्देशनमा नभई स्वतन्त्र रूपले गठन गरेका थिए । उनीहरू पुष्पलालले प्रतिनिधित्व गर्ने प्रमुख पार्टीको कार्यदिशाबाट सन्तुष्ट थिएनन् । उनले भनेः

> हाम्रो कमिटीले सुरुदेखि नै सशस्त्र सङ्घर्षद्वारा गणतान्त्रिक व्यवस्थाको ढोका खोल्ने नीति लियो । सशस्त्र सङ्घर्षमा हाम्रो सधैँ नै विश्वास थियो यद्यपि यसलाई साकार रूप दिने कार्यमा भने हामी

[७६] हाल ताराप्रसाद कुनै पनि पार्टीमा छैनन् ।

> कहिल्यै उत्रिएनौँ ।[७७] पार्टीसित हाम्रो सम्पर्क थियो तर हामीले पार्टीको अनुसरण गरेनौँ । हामी मोहन विक्रम सिंहका अनुयायी थियौँ । हामीलाई मोहन विक्रम सिंह जे भन्छन् त्यो सत्य हुन्छ भन्ने लाग्थ्यो । उनी कारागारमा भएको बेला हामी उनका कार्यकतासँग सम्पर्क राख्थ्यौँ । मोहन विक्रमले १९७४ मा नेकपा (चौथो महाधिवेशन) को गठन गरेपछि हामी त्यही पार्टीमा सामेल भयौँ ।

## *साम्यवादी विचारको विस्तारमा शिक्षकहरूको भूमिका*

ताराप्रसाद घर्तीमगर रुकुममा विद्यालयमार्फत साम्यवादी विचार फैलिएको कुरा स्वीकार गर्छन् । उनले भनेअनुसार रुकुमका चारओटा माध्यमिक विद्यालयका अधिकांश प्रधानाध्यापक कम्युनिस्ट थिए । ताराप्रसाद स्वयं बालाक्चाको माध्यमिक विद्यालयका प्रधानाध्यापक थिए । उनले १९७३ देखि १९७६ सम्म आफ्नो विद्यालयलाई राजनीतिक कार्य गर्ने थलो बनाए । उनको भनाइअनुसार रुकुमकोटको माध्यमिक विद्यालयका प्रधानाध्यापक मस्तबहादुर श्रेष्ठ[७८] र चौरजाहारीको माध्यमिक विद्यालयका प्रधानाध्यापक डिल्लीराज शर्मा[७९] साम्यवादी विचार फैलाउनका लागि काम गर्ने मुख्य मानिस थिए । उनीहरूले पञ्चायतका निर्वाचित निकायहरूको उपयोग पनि गरे । १९८२ मा नेकपा (चौथो महाधिवेशन) को सहयोगमा ताराप्रसाद रुकुम जिल्ला पञ्चायतका सभापति चुनिए । आफ्नो पाँच वर्षको कार्यकालमा उनले विद्यालयका शिक्षक र सरकारी अधिकारी नियुक्त गर्ने आफ्नो अधिकार गाउँहरूमा पार्टीको कामलाई अघि बढाउनका लागि उपयोग गरे । उनले भने– “हामीले गाउँहरूमा सङ्गठन स्थापना गर्नका निमित्त थुप्रै कार्यकर्तालाई शिक्षक र गाउँ पञ्चायतका सचिवका रूपमा खटायौँ ।” नतिजास्वरूप, पञ्चायती राजमा रुकुमका केही क्षेत्रहरू साम्यवादका गढ बने । ताराप्रसाद टिप्पणी गर्छन्– “पञ्चायती राजको बेलामा समेत जिल्ला सदरमुकाम खलङ्गाका सरकारी अधिकारीहरू सन्का नदी पार गरेर आउन डराउँथे किनभने बालाक्चा, चौकाबाङ र रुघा गाउँका मानिसहरू भ्रष्ट अधिकारीहरूलाई सजाय दिने गर्थे ।”

१९८० को जनमत सङ्ग्रहपछि जब नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको गठन भयो, कम्युनिस्टको पकड झनै दरिलो हुनगयो । हाल नेकपा (माओवादी) का प्रवक्ता तथा पोलिट ब्यूरो सदस्य रहेका कृष्णबहादुर महरा त्यति बेला लिबाङको माध्यमिक विद्यालयका प्रधानाध्यापक थिए ।[८०] उनले शिक्षक सङ्गठन रोल्पा समितिको नेतृत्व गरे अनि मस्तबहादुर श्रेष्ठले शिक्षक सङ्गठन रुकुमको

---

[७७] ताराप्रसादको भनाइअनुसार उनीहरू पुष्पलाल श्रेष्ठलाई भेट्न र हतियार किन्न भारतको गोरखपुर गएका थिए । तर उनीहरूले कत्ति पनि किन्न सकेनन् ।

[७८] उनको जन्मथलो रुकुमको महत गाविसमा पर्ने गुनाम गाउँ हो ।

[७९] उनी दाङ जिल्लाका बासिन्दा र रुकुम माध्यमिक विद्यालयका प्रधानाध्यापक थिए । रुकुमकोट माध्यमिक विद्यालयमा पढेका पूर्व संसद सदस्य केशरमान रोकामगरले भनेअनुसार डिल्लीराज शर्माले मस्तबहादुर श्रेष्ठलाई साम्यवादी विचारधारा सिकाएका थिए । त्यसबेला मस्तबहादुर रुकुमकोट माध्यमिक विद्यालयका विद्यार्थी थिए ।

[८०] मैले रोल्पामा भेटेका थुप्रै मानिसले रोल्पाका विद्यार्थीहरूलाई साम्यवादी विचारतर्फ आकृष्ट गर्नमा महराको ठूलो भूमिका भएको कुरा बताए । तिनले महरा आफ्ना विद्यार्थीलाई समेत आदरसूचक ‘तपाईं’ भनेर सम्बोधन गर्थे भने । निकैजना मानिसले सुनाएअनुसार एक पटक गरीब परिवारका एकजना विद्यार्थी घाइते हुँदा कृष्णबहादुर महराले उपचारको लागि पैसा उठाएर आफैले उनलाई अस्पताल लगेका थिए । मैले अक्टोबर २००४ मा लिबाङमा भेटेका एकजना शिक्षकले के भने भने अहिले २०-२५ देखि ३०-३५ वर्ष उमेर पुगेका अधिकांश युवा माओवादी नेताहरू लिबाङ नजिकका जङकोट, कोटगाउँ र कोर्चाबाङका बासिन्दा हुन् । यी ती गाउँ हुन् जहाँका विद्यार्थीहरू कृष्णबहादुरले पढाउने माध्यमिक विद्यालयमा पढ्थे ।

नेतृत्व गरे । उनीहरू दुवैजना आजको नेकपा (माओवादी) को मातृपार्टी नेकपा (मसाल) का क्रियाशील सदस्य थिए । ताराप्रसादको भनाइअनुसार यो सङ्गठनको गठन भएपछि त्यस क्षेत्रका अधिकांश शिक्षकहरू पहिले नेकपा (मसाल) का कार्यकर्ताको अनि पछि १९८५ मा मोहन वैद्यको समूह नेकपा (मसाल) बाट फुटेपछि नेकपा (मशाल) का कार्यकर्ताको अनुसरण गर्न थाले । त्यस बेला शिक्षकहरूले आफ्नो तलब बृद्धि, निवृत्तिभरण आदिको व्यवस्था गरिनुपर्ने मागका साथ आन्दोलन चलाएका थिए । लिबाङको शिक्षक सङ्गठनका एक भूतपूर्व सदस्य कृष्णबहादुर घर्तीमगर भन्छन्– "१९९० सम्म रोल्पाका झन्डै ८० प्रतिशत शिक्षक यो सङ्गठनका सदस्य थिए । अझ त्यसमाथि, सदस्यहरूमध्ये झन्डै ८० प्रतिशत संयुक्त जनमोर्चाका समर्थक बने ।"

जनवरी १९९१ मा बाबुराम भट्टराईको नेतृत्वमा रहेको नेकपा (मसाल) को समूह समेत गरी अनेकौं कम्युनिस्ट समूहलाई मिलाएर संयुक्त जनमोर्चाको गठन भयो । जनमोर्चाले नेकपा (एकता केन्द्र) को राजनीतिक मोर्चाका रूपमा काम गऱ्यो । नेकपा (एकता केन्द्र) हाल नेकपा (माओवादी) का अध्यक्ष रहेका प्रचण्डद्वारा नेतृत्व गरिएको नेकपा (मशाल) समेतका केही वामपन्थी पार्टीहरू मिलेर नोभेम्बर १९९० मा बनेको थियो । नेकपा (माओवादी) प्रचण्डले नेतृत्व गरेको नेकपा (एकता केन्द्र) को एक समूह र बाबुराम भट्टराईले नेतृत्व गरेको संयुक्त जनमोर्चाको एक समूह मिलेर १९९५ मा बनेको थियो ।

ताराप्रसादले वास्तवमा नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका गतिविधिहरूले रोल्पा र रुकुममा माओवादीको जग बसाइदिएको दाबी गरे । रोल्पाका माओवादी नेताहरूको पृष्ठभूमिबाट यो कुरा स्पष्टसँग देख्न सकिन्छ । पोलिट ब्यूरो सदस्य कृष्णबहादुर महरा, रोल्पा जिल्ला विकास समितिका निर्वाचित भूतपूर्व सभापति र नेकपा (माओवादी) को केन्द्रीय समितिका सदस्य झक्कुप्रसाद सुवेदी, संयुक्त क्रान्तिकारी जनपरिषद् नेपालका सदस्य सन्तोष बूढामगर र रोल्पा जिल्लाका पार्टी इन्चार्जका रूपमा परिचित दीपेन्द्र पुन समेत रोल्पाका प्रायः सबै नेताहरू नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका भूपू सदस्य हुन् । जनमुक्ति सेनाका नामी डिभिजन कमाण्डर पासाङ उर्फ नन्दकिशोर पुन पनि रोल्पाको राङ्सी गाविसको प्राथमिक विद्यालयका शिक्षक र शिक्षक सङ्गठनका सदस्य थिए ।[८१]

सन्तोष बूढामगरको भनाइअनुसार १९९० मा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना भएपछि उनलाई उनको पार्टी संयुक्त जनमोर्चा नेपालको सांस्कृतिक मोर्चामा काम गर्ने जिम्मेवारी दिइयो । थबाङको माध्यमिक विद्यालयमा सरुवा भएपछि उनले गीत र नृत्यहरू प्रस्तुत गर्न शिक्षक र विद्यार्थीहरू मिलाएर सांस्कृतिक समूह गठन गरे । राङ्सी, नुवागाउँ र लिबाङ-गजुल (दुई माध्यमिक विद्यालय मिलाएर एउटा टोली) का माध्यमिक विद्यालयहरूमा त्यस्तै प्रकारका सांस्कृतिक टोलीहरू गठन गरिए । सन्तोष बूढाको भनाइअनुसारः

> यी चारओटा टोली १९९० पछि रोल्पामा हाम्रो पार्टीको राजनीति फिँजाउन गठन गरिएका थिए । यी टोलीलाई हामीले १९९१ को आम निर्वाचनको अभियानमा पनि प्रयोग गऱ्यौँ । सांस्कृतिक अभियान

---

[८१] पासाङ जनमुक्ति सेनाको पश्चिम डिभिजन कमाण्डर थिए तर सेप्टेम्बर २००४ को पुनर्गठनपछि उनी केन्द्रीय डिभिजन कमाण्डर बने । उनी माओवादीको १७ सदस्यीय पोलिट ब्यूरोका सदस्य हुन् ।

> चलाउनुबाहेक हामीले भ्रष्ट व्यक्तिहरूलाई 'सजाय गर्ने अभियान' पनि चलायौँ । हामीले तिनलाई तिनले लिएको पैसा फिर्ता गर्न लगायौँ र उठबस गर्नेजस्ता केही शारीरिक सजायहरू (अझसम्म पनि प्रचलनमा रहेको माओवादी सजायको एउटा रूप) पनि दियौँ । यी अभियानहरूबाट हामीले रोल्पाका जनतामाझ पार्टीको राजनीति फैलायौँ ।

## *नेपाली काङ्ग्रेस र संयुक्त जनमोर्चाबीचका टक्करहरू*

जुन २००२ मा रोल्पा जिल्लाको सदरमुकाम लिबाङ जाँदा मैले संयुक्त जनमोर्चाका सदस्यहरूबाट गरिएका हैरानीका विस्तृत नालीबेली सुनेँ ।[८२] त्यो हैरानी १९९० मा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना भएको लगत्तै सुरु भएको थियो । नेकपा (एमाले) को रोल्पा जिल्ला कमिटीका एकजना सदस्यले भनेः

> पञ्चायती राजमा पार्टीका क्रियाकलापमाथि प्रतिबन्ध लगाइएको हुँदा साम्यवाद भनेको के हो हामीलाई थाहा थिएन, तर १९९० पछि केही गाउँलेहरू नेपाली काङ्ग्रेस (नेका), नेकपा (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)[८३] र संयुक्त जनमोर्चा (संजमो) जस्ता पार्टीहरूमा सामेल भए । वास्तवमा सुरुमा मेरो गाउँमा निकै मानिस राप्रपामा सामेल भए । तर जनमोर्चाका सदस्यहरू ज्यादै आक्रामक हुनाले र तिनले पूर्वपञ्चहरूलाई पिटेर वा जुत्ताको माला लगाएर सजाय गरेका हुनाले धेरै मानिस त्यो पार्टी छाड्न बाध्य भए । नतिजास्वरूप, जनमोर्चाका समर्थकहरू गाउँमा झनै सक्रिय भए । उनीहरू हामीलाई आफ्नो पार्टीका भेलाहरूमा उपस्थित हुन बाध्य गराउन थाले ।

रोल्पा जिल्ला विकास समितिका एकजना भूतपूर्व सदस्यले सुरक्षाका लागि आफूसँग नेपाली काङ्ग्रेसमा सामेल हुनुबाहेक अर्को विकल्प नभएको बताए किनभने जनमोर्चाका समर्थकहरू आफ्नो पार्टीमा सामेल हुन इन्कार गर्ने जोसुकैलाई पनि हैरान पार्थे । १९९१ को आम निर्वाचनमा नेपाली काङ्ग्रेसलाई मतदान गरेको कारण कोर्चावाङबासी नेपाल शिक्षक सङ्घका एकजना सदस्यलाई जुत्ताको माला लगाइयो ।[८४] कहिलेकाहीँ त यस प्रकारको हैरानीले हत्याकै रूप पनि लियो । लिबाङमा कृष्णबहादुर घर्तीमगरले सङ्कलन गरेको तथ्याङ्कअनुसार अक्टोबर १९९१ र फेब्रुअरी १९९६ मा जनयुद्ध सुरु हुने समयको बीचमा संयुक्त जनमोर्चाका समर्थकहरूले रोल्पा जिल्लामा नौजना मानिसको हत्या गरेका थिए ।[८५]

---

[८२] मैले जुन २००२ मा लिबाङमा बस्ने २२ जना शरणार्थीसँग अन्तर्वार्ता लिएँ । ती मध्ये १६ जना नेपाली काङ्ग्रेसका सदस्य अथवा समर्थक थिए । १६ मध्ये एकजना १९९० भन्दा अघि नै नेपाली काङ्ग्रेसको सदस्य भएका थिए भने बाँकी सबै १९९० पछिमात्र काङ्ग्रेसमा सामेल भएका थिए । तीमध्ये दुईजना गाविस अध्यक्ष र चारजना उपाध्यक्ष थिए । माओवादीले अप्रिल २००२ मा भाबाङका गाविस अध्यक्षको लिबाङ बजारमा गोली हानी हत्या गरेपछि सुरक्षा फौजले लिबाङ बजार वरिपरि काँडेतारको सुरक्षा बार लगायो ।

[८३] यो पार्टी पञ्चायती व्यवस्थाका समर्थकहरूले १९९० पछि गठन गरेका हुन् ।

[८४] उनी मे १९९८ मा माओवादीले ज्यान लिने धम्की दिएपछि लिबाङमा बसेका थिए । ज्यान लिने धम्की पाउने उनको गाउँका अर्का व्यक्ति नेपाली काङ्ग्रेसका तत्कालीन एरिया सचिव डोलबहादुर बूढा थिए । माओवादीले डिसेम्बर १९९८ मा उनको हत्या गरे । १९९० पछि नेपाल राष्ट्रिय शिक्षक सङ्गठन पार्टी आबद्ध भिन्नभिन्न सङ्गठनहरूमा विभाजित भयो । नेपाली काङ्ग्रेसका समर्थकहरूले नेपाल शिक्षक सङ्घ बनाए ।

[८५] इन्सेकको तथ्याङ्क अनुसार १९९६ फेब्रुअरीमा विद्रोह सुरु भएदेखि २८ अक्टोबर २००३ को बीचमा रोल्पामा माओवादीले २२८ जनाको हत्या गरेका थिए । यो ७५ जिल्लामा सबभन्दा ठूलो सङ्ख्या हो ।

सेप्टेम्बर १९९४ मा रोल्पाको उत्तर-पूर्वमा अवस्थित गाम गाविसमा एउटा स्थानीय जात्रामा संयुक्त जनमोर्चा र नेपाली काङ्ग्रेस तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका समर्थकहरूबीच एउटा ठूलो टक्कर पऱ्यो । त्यो धार्मिक जात्राको दिन नेपाली काङ्ग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीका समर्थकहरूले गाविस प्रतिनिधि लगायत जनमोर्चाका समर्थकहरूलाई पिटे ।[८६] त्यसको ठीक एक वर्षपछि १९९५ मा उही चाडको दिन जनमोर्चाका सयौँ समर्थकहरूले गाम गाविसमा जुटेर नेपाली काङ्ग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीका समर्थकहरूमाथि हमला गरे । त्यो घटनाको लगत्तै नोभेम्बर १९९५ मा सरकारले रोल्पामा जनमोर्चाका क्रियाकलापहरूलाई नियन्त्रण गर्नका लागि 'अपरेशन रोमियो' सुरु गरी दुई महिनाको अपरेशन अवधिमा थुप्रै मानिसलाई पक्राउ गऱ्यो ।[८७] मैले लिबाङमा भेटेका गाउँलेहरूको भनाइअनुसार त्यो अपरेशनको मुख्य निशाना रोल्पाका उत्तरी र पूर्वी भेग थिए जहाँका धेरैजसो बासिन्दा खाम भाषा बोल्ने मगर छन् ।

निर्वाचन कालमा द्वन्द्व निकै चर्किएको पाइन्छ । १९९२ मा बहुदलीय व्यवस्थाअन्तर्गत भएको पहिलो स्थानीय निर्वाचनमा इरिबाङ गाविसमा एउटा उदाहरणीय घटना भयो । उम्मेदवारले आफ्नो नाम दर्ता गर्ने दिन जनमोर्चाका समर्थकहरूले दर्ता गरिने थलोमा हातहतियारसहित भेला भएर अन्य पार्टीका उम्मेदवारहरूलाई नाम दर्ता गर्न दिएनन् । नतिजास्वरूप, जनमोर्चाले अध्यक्ष, उपाध्यक्ष र नौजना वडा प्रतिनिधिहरू समेत गरी गाविसका ११ ओटै सिट निर्विरोध जित्यो । जनमोर्चाले गजुल, मिरुल, जेलबाङ र फागामजस्ता गाविसहरूमा पनि सबै सिट कुम्ल्यायो ।[८८] १९९१ मा गरिएको आम निर्वाचनमा जनमोर्चाले रोल्पाका दुवै निर्वाचन क्षेत्रमा विजय प्राप्त गऱ्यो । थबाङ्गी बर्मन बूढामगरले निर्वाचन क्षेत्र नम्बर १ मा विजय प्राप्त गरे भने लिबाङबासी कृष्णबहादुर महराले निर्वाचन क्षेत्र नम्बर २ मा जिते । त्यो निर्वाचनमा नेकपा (एमाले) ले रोल्पा र रुकुमबाट आफ्ना उम्मेदवारहरू फिर्ता गराई जनमोर्चालाई सहयोग गऱ्यो । जनमोर्चाले १९९२ मा भएको स्थानीय निर्वाचनमा जिल्ला विकास समितिका सभापति र उप-सभापति समेत गरी धेरैजसो सिट आफ्ना पोल्टामा पाऱ्यो । यी सभापति र उप-सभापति दुवैजना नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका सदस्य थिए । गजुल गाविसबासी भूतपूर्व शिक्षक र हाल नेकपा (माओवादी) का केन्द्रीय सदस्य झक्कुप्रसाद सुवेदी प्रथम जिल्ला विकास समितिका सभापति बने । लिबाङ निबासी नेपाली काङ्ग्रेसका सदस्य कृष्णबहादुर घर्तीमगर भन्छन्– "संयुक्त जनमोर्चाले १९९१ को आम निर्वाचन र १९९२ को स्थानीय निर्वाचनका माध्यमबाट रोल्पालाई साँच्ची नै कब्जा गऱ्यो । मलाई के लाग्छ भने रोल्पामा सिर्जना भएको आत्मविश्वासले माओवादी नेतृत्वमाथि प्रभाव पाऱ्यो र उनीहरूलाई राष्ट्रिय स्तरमा जनयुद्ध सुरु गर्न सकिने निर्णय गर्न प्रेरित गऱ्यो ।"

---

[८६] १९९२ को स्थानीय निर्वाचनमा गाम गाविसमा जनमोर्चाले राप्रपा र नेपाली काङ्ग्रेसले जितेका दुईओटा वडा प्रतिनिधिका पदलाई छाडेर अध्यक्ष र उपाध्यक्ष समेत सबै सिट जित्यो ।

[८७] अपरेशनकालमा कोही पनि मारिएको थिएन भनेर सरकारले दाबी गरे तापनि मैले लिबाङमा भेटेका गामका केही मानिसहरूले अपरेशन रोमियोकालमा गाम गाविसमा प्रहरीद्वारा छजना जनमोर्चा समर्थक र एकजना नेकपा (एमाले) समर्थक गरी जम्मा सातजना मारिएको कुरा बताए । उनीहरूको भनाइअनुसार अपरेशनकालमा प्रहरीले जनमोर्चा समर्थकलाई मात्र नभई नेकपा (एमाले) र राप्रपाजस्ता अन्य विपक्षी दलका समर्थकहरूलाई पनि हैरान पारेको बताए ।

[८८] ती गाउँका जनताले दिएको बयानअनुसार गजुल र जेलबाङमा अरू पार्टीहरूबाट उम्मेदवारी मनोनयन भएन ।

नेपाली काङ्ग्रेसका समर्थकहरूले जनमोर्चाका समर्थकहरूमाथि वास्तविक र नक्कली दुवै प्रकारका आरोपहरू लगाएर हैरानीको प्रतिकार गरे । यसबाट यी समूहबीचको टक्कर झनै चर्केर गयो अनि कतिपय मानिसहरूले काङ्ग्रेस र उसका समर्थकमाथि राज्यको अख्तियार दुरुपयोग गरेको आरोप लगाए । राष्ट्रिय पञ्चायतका भूतपूर्व सदस्य बमकुमारी बूढामगरले भनिन्– "रोल्पाका नेपाली काङ्ग्रेस समर्थकहरू ठ्याक्कै पञ्चहरूका कार्बनकपीजस्ता थिए । उनीहरूले सत्तामा रहेका मानिसहरूसँगका सम्बन्धलाई उपयोग गरी निजी फाइदाहरू लिए । पञ्चायती राजमा पञ्चायतका समर्थकहरू ठीक यसै गर्थे ।"

जनमोर्चाले १९९१ को आम निर्वाचनमा रुकुमको निर्वाचन क्षेत्र नम्बर २ मा विजय प्राप्त गऱ्यो । त्यहाँ उनीहरूले रोल्पामा झैं नेकपा (एमाले) को सहयोग प्राप्त गरेका थिए । अर्को सिट पञ्चायती राजको पालाका रुकुमका सबैभन्दा कान्छा शाह राजनीतिज्ञ गोपालजी जङ्ग शाहले जिते । उनी नेपाली काङ्ग्रेसका उम्मेदवार थिए । १९९१ को निर्वाचन अभियानमा उनलाई जनमोर्चाका समर्थकहरूले पञ्चायती राजदेखि नै कम्युनिस्ट गढ भइआएको रुघा गाविसमा जुत्ताको माला लगाई मुखमा मोसो दलेर हैरान पारेका थिए । ५५ वर्षका गोपालजी जङ्ग शाह भन्छन्– "वास्तवमा संयुक्त जनमोर्चाका समर्थकहरूले यस क्षेत्रमा १९९१ मा नै अघोषित रूपले आफ्नो जनयुद्ध सुरु गरिसकेका थिए । १९९४ को आम निर्वाचन बहिष्कार गरेपछि त उनीहरूले खुला रूपबाट विद्रोह सुरु गरिहाले ।"

खोलागाउँका मानिसहरूको दाबीअनुसार १९९४ मा जनमोर्चाका समर्थकहरूबाट मारिएका गणेश शाह गोपालजी जङ्ग शाहका नजिकका सहयोगी थिए । त्यसैले १९९० पछि उनी नेपाली काङ्ग्रेसमा सामेल हुनपुगे । गोपालजी जङ्गले भनेअनुसार रुकुमका अरू दुईजना नेपाली काङ्ग्रेस समर्थक लालबहादुर केसी र गरवीर बाठा विद्रोह सुरु हुनुभन्दा पहिले नै जनमोर्चाबाट मारिएका थिए । तर ताराप्रसाद घर्तीमगरको दाबीअनुसार भने यी दुईजना राजनीतिक कारणबाट नभई व्यक्तिगत कारणबाट मारिएका थिए । उनले भने– "वास्तवमा नेपाली काङ्ग्रेस र जनमोर्चाबीचका धेरैजसो झडपहरू व्यक्तिगत कारणले भएका हुन् । तर काङ्ग्रेस पक्षले भने राज्यसत्ताबाट सहयोग प्राप्त गर्ने मनसायले उनीहरू संयुक्त जनमोर्चाको सिकार भएको दाबी गऱ्यो ।" ताराप्रसादको भनाइअनुसार १९९० पछि प्रशासनले सार्वजनिक अपराध ऐनअन्तर्गत रुकुमका १३०० भन्दा धेरै मानिसहरूविरुद्ध अनेकौं मुद्दाहरू लगायो । तीमध्ये अधिकांश मानिसहरू संयुक्त जनमोर्चा समर्थक थिए । उनले भने– "आरोप लगाइएका धेरैजसो मानिसहरू मगर र दलित थिए । उनीहरूमध्ये धेरैजना जेलनेलबाट जोगिनका लागि माओवादीमा सामेल भए ।"

## मगर, साम्यवाद र राज्य

माओवादी जनयुद्ध रोल्पा र रुकुममै सुरु हुनु कुनै दुर्घटना होइन । यो क्षेत्र चमत्कारी आमूल परिवर्तनवादी कम्युनिस्ट नेता मोहन विक्रम सिंह र उनको समूहको आधार भएको प्युठान नजिक हुनु एउटा महत्त्वपूर्ण कारक भए तापनि स्थानीय समुदायमा कम्युनिस्ट

विचार र क्रियाकलापहरूलाई स्वीकार गर्न तयार हुने प्रचूर आधार त्यहाँ भएको कुरा पनि सत्य हो । कस्तो लाग्छ भने रोल्पा र रुकुममा धेरै लामो समयदेखि राज्यविरोधी भावनाको दह्रो विकास भइरहेको थियो । त्यो कुरा बाहिरबाट आएका केही ठकुरी परिवारले शासन गर्दै आएको रुकुममा प्रस्टै देखिन्थ्यो । राजकीय अर्थात् विर्तावालको हैसियत गुमाएपछि पनि तिनीहरुले पञ्चायती शासनअन्तर्गत राजनीतिकर्मी अथवा स्थानीय सामन्तको रुपमा जनतालाई दबाउने काम जारी राखे । केही नतिजास्वरूप, ठकुरीहरू र तिनका अनुयायीहरूप्रतिको घृणाभाव बढेर गयो । यस्तो भावना खास गरेर मगरहरूको बीचमा बढेर गयो जो आफूलाई ठकुरीहरू त्यहाँ आएर बस्न थाल्नुभन्दा धेरै समयअघिदेखि त्यो क्षेत्रमा बसोबास गरिआएका रैथाने ठान्छन् । त्यो क्षेत्रमा मैले भेटेका धेरै मगरहरूले ठकुरीहरूप्रतिको आफ्नो कठोर घृणाभाव एकदम खुलेर प्रकट गरे । रुकुमका पहिलेका कम्युनिस्ट नेता ताराप्रसाद घर्तीमगरले दाबी गरेः

> हामीलाई के लागेको छ भने हामी मगर र अरू जातहरू दोस्रो दर्जाका नागरिक हौँ अनि राजपरिवार र राज्यसत्तासँग साइनो गाँसिएका ठकुरीहरूचाहिँ पहिलो दर्जाका नागरिक हुन् । यी वर्गहरूको सिर्जना राज्यले गरेको हो । यो ऐतिहासिक पृष्ठभूमिको कारण यस क्षेत्रका मगरहरू सजिलै गणतान्त्रिक व्यवस्थाका समर्थक बन्न सक्छन् । वास्तवमा रुकुमको मगर समुदायका धेरैजसो शिक्षित व्यक्तिहरू कम्युनिस्ट बनेका छन् ।

रुकुमको विपरीत, रोल्यामा कहिल्यै पनि शक्तिशाली ठकुरीहरू राजा भएका छैनन् । गजुल र खुङ्रीमा ठकुरी राजाहरू भए तापनि तिनीहरू जनतामाथि शासन चलाउने कुरामा कहिल्यै पनि महत्त्वाकाङ्क्षी थिएनन् । थबाङको हकमा गाउँलेहरूले प्रशासनप्रति आफ्नो प्रतिरोध प्रत्यक्ष रूपले प्रदर्शन गरे । थबाङले राज्यमा क्रोध जगाइदियो अनि उनीहरूको विरोधलाई दबाउने प्रयास हुनथाल्यो । राज्यको प्रतिरोध गर्न समर्थ हुनका लागि थबाङका जनतालाई आफ्नो समुदायभित्र दरिलो आन्तरिक सामञ्जस्य कायम गर्नुपर्ने खाँचो पऱ्यो । एकताको अर्थ आन्तरिक विरोधबाट जोगिनु हो । यहाँका बासिन्दाले आफूलाई समर्थन नगर्ने मानिसहरूलाई बिस्तारै-बिस्तारै बाहिर लखेटे जसबाट गाउँको एकता झनै दरिलो भयो ।

रुकुम र रोल्पाको भ्रमणकालमा यो क्षेत्र माओवादीको केन्द्र हुन पुगेको तथ्य परम्परागत मगर समाजको प्रकृतिसँग गहिरो सम्बन्धले होला भन्ने मलाई लाग्यो । माओवादी सैन्य मोर्चाको नेतृत्वमा यस क्षेत्रका मगरहरूले गरेको योगदानलाई नियाल्ने हो भने यो कुरा स्पष्ट हुन्छ । डिभिजनहरू अर्थात् जनमुक्ति सेनाका सबैभन्दा ठूला एकाइहरूका तीनमध्ये दुई कमाण्डर रोल्पा जिल्लाका मगर हुन् । जनमुक्ति सेनाको केन्द्रीय डिभिजनका कमाण्डर पासाङ उर्फ नन्दकिशोर पुन राङ्सी गाविसका हुन् अनि पूर्वी डिभिजनका कमाण्डर अनन्त उर्फ बर्षमान पुन जङकोट गाविसका हुन् । रोल्पा र रुकुमका मगरहरू माओवादी विद्रोहीका खासगरी सैन्य नेतृत्वका प्रमुख स्रोत हुन् भन्नु अतिशयोक्ति होइन । दीर्घकालीन स्थलगत सर्वेक्षण गर्न असमर्थ हुनाले म यी जिल्लाका मगरहरूको ऐतिहासिक तथा सांस्कृतिक पृष्ठभूमिबारे पर्याप्त जानकारी बटुल्न समर्थ भइनँ तैपनि म यो क्षेत्रको मगर समुदाय र माओवादीबीचका केही समान गुणहरूको बयान गर्न कोसिस गर्नेछु । तलको विश्लेषण रोल्पाका

भूतपूर्व राष्ट्रिय पञ्चायत सदस्य र हाल यस क्षेत्रमा मगर भाषा र संस्कृतिको संरक्षणका लागि कार्यरत बमकुमारी बूढामगरसँग लिइएका अनेकौँ अन्तर्वार्ताहरूमा आधारित छ ।[८९]

रुकुम र रोल्पामा ठकुरीहरू र अरू जातका मानिसहरू बसाइँ सर्नुभन्दा पहिले यो क्षेत्र अठार पन्थी अर्थात् अठार मगराँतको एक भाग थियो । पश्चिम नेपालमा ठकुरीहरूद्वारा शासित बाइसे-चौबीसे राज्यहरूको स्थापना हुनुअघि यी १८ ओटा साना मगर राज्यहरू गुल्मी जिल्लाको पश्चिमी भागदेखि भेरी-कर्णाली अञ्चलसम्मको पहाडी क्षेत्रमा शासन गर्थे । बमकुमारी बूढामगरको भनाइअनुसार अठार मगराँतका अन्तिम राजा दारे जइताम करिब चार-पाँच सय वर्षअघि मध्य रोल्पामा अवस्थित जङ्कोटमाथि शासन गर्थे । पहिरोमा परी दारे जइताम मारिएपछि कुनै अज्ञात कारणवश उनको सट्टा अरू कोही पनि राजा भएन ।[९०]

बमकुमारीका शब्दमा अठार मगराँतको समाजमा एक प्रकारको 'प्राकृतिक साम्यवाद' थियो । उनको दाबी छ, अठार मगराँतका सन्तानहरूको समाजमा समानताको भावना एउटा आधारभूत सांस्कृतिक विशेषता हो । उनले भनिन्– "अठार मगराँतमा राजा र जनता शारीरिक श्रम र सामाजिक क्रियाकलापहरू दुवै कुरामा समान थिए । राजाहरू शासक थिए र जनता पनि शासक थिए । राजाहरूले पनि भारी बोक्नु र आफ्नो जग्गा-जमिनमा खेतीपाती गर्नुपर्थ्यो ।"

एउटा मिथकअनुसार अठार मगराँतको जीविकाको प्रमुख स्रोत सिकार थियो । जनावरको सिकार गर्नुबाहेक मानिसहरू जङ्गलछेउका स-साना चक्लाहरूमा कोदो र फापरको खेती गर्थे । पछि उनीहरूले पशुपालन सुरु गरे । उनीहरू समूहमा काम गर्थे र निर्णयहरू पनि सामूहिक रूपबाट गर्थे । बमकुमारी भन्छिन्:

> समुदायका सबै सदस्यले राजीखुसीले सामुदायिक कार्यमा हात बढाउनु पर्थ्यो । कसैले समुदायले बाँधेको नियम नमाने उसलाई सजाय गरिन्थ्यो । सामुदायिक संलग्नतालाई समाजको महत्त्वपूर्ण पक्ष मानिन्थ्यो । आफ्ना आधार इलाकामा सडक र पुलहरू बनाउनेजस्ता विकास कार्यहरूमा मानिसहरूको संलग्नता जरुरी मानिने माओवादी तरिकाहरू अठार मगराँतको परम्परासँग मिल्दाजुल्दा छन् ।

किशोरी छँदादेखि नै कचहरी (गाँउ सभा) को अभिलेख टिप्ने व्यक्ति वा सचिवका रूपमा काम गरेकी बमकुमारीको भनाइमा अठार मगराँतमा सामूहिक रूपले निर्णय गर्ने प्रजातान्त्रिक संस्कृति थियो । बमकुमारी बूढाले भनिन्– "राजा एक पुस्तामात्रै शासन गर्थे । राजाको देहान्त भएको खण्डमा समुदायका प्रतिनिधिहरूको सभाले नयाँ राजा चुन्थ्यो । लामो समयसम्म कचहरी निर्णयकारी निकायका रूपमा क्रियाशील रह्यो । रोल्पाका कतिपय गाउँमा त यो परम्परा माओवादीद्वारा विद्रोह सुरु नगरुञ्जेलसम्म नै जारी रह्यो ।"

---

[८९] १९८१ मा लिबाङस्थित बालकल्याण माध्यमिक विद्यालयको शिक्षक भएको बेलामा उनी राष्ट्रिय पञ्चायत सदस्यमा मनोनित भएकी थिइन् । यो त्यही विद्यालय हो जहाँ माओवादी नेता कृष्णबहादुर महराले पढाएका थिए । १९५१ मा कोर्चाबाङमा उनको जन्म भएको थियो । हाल उनी काठमाडौँमा बसेकी छन् । अहिले उनी कुनै पनि राजनीतिक पार्टीमा छैनन् । उनी अठार मगराँतका ती मगर नेताहरूमा एक हुन् जो बाहिरियाहरूबाट अर्थात् ठकुरी, बाहुन तथा राज्यबाट उत्पीडित भएको ठान्छन् ।

[९०] सुवेदी (२०५४: ३५४) का अनुसार रुकुमका पाँचौँ राजा जइतबमलाई 'दारे जइताम' पनि भनिन्थ्यो । सुवेदीले रोल्पाको गजुलका प्रथम राजाले दारे जइतामकी छोरीसँग बिहा गरेका थिए भनी लेखेका छन् ।

मगरांँत स्वायत्त प्रदेश जनसरकारका प्रमुख थबाङ्गी सन्तोष बूढामगरले पनि मगर समाजको कम्युनिस्ट ढाँचाको प्रकृतिमाथि जोड दिँदै भनेः

> हामी आदिबासी मगरहरू सिकारी थियौँ । सामूहिक कार्य हाम्रो कार्यशैली थियो र दरिलो एकता कायम गर्ने क्षमता मगर समुदायको विशेषता रहेको छ । हाम्रो सोच्ने तरिका यस्तो छ– 'हामी सँगै बाँच्छौँ र सँगै मर्छौं ।' मगर समुदायका सदस्यहरूको साझा स्वामित्वको धारणाले पनि गहिरो गरी जरा गाडेको छ । हामी एक गाँस खानासम्म पनि बाँडचुँड गर्छौं । खाना मनग्गे नहुँदा सबैजना भोकै बस्छौँ । वास्तवमा मगर समाजका यी सबै विशेषताहरू कम्युनिस्ट भावनासँग मिल्दाजुल्दा छन् । त्यसैले मगरहरू कम्युनिस्ट विचारधारा सजिलै स्वीकार गर्न सक्छन् ।

दुई वर्षसम्म शिक्षक भएर थबाङ बसेका खिमान सिंह गुरुङले थबाङ्को समुदायबारे आफूमा परेका छापहरू यसरी व्यक्त गरेः

> त्यहाँ महिलाले पुरुषलाई नाउँ काडेर बोलाएको देख्दा म ज्यादै चकित भएँ । त्यो तरिका प्युठानको मेरो गाउँमा प्रचलित थिएन । थबाङमा महिला र पुरुषहरू अरू कुनै पनि गाउँमा भन्दा बढी बराबरी थिए । दलितहरू बेरोकटोक मगरहरूका घरभित्र पसेको देखेर पनि म चकित भएँ । उनीहरू भान्सामा त पसेनन् तर अरू कोठामा भने पसे । थबाङमा छुवाछूतको चलन केही मात्रामा अझै बाँकी थियो तर यो अरू गाउँमा भन्दा निकै नै कम कडा थियो । उनीहरूमाझ जमिनमा संयुक्त रूपले काम गर्ने चलन पनि थियो । त्यहाँको समाजमा मैले कम्युनिस्ट संस्कृति देखेँ । समुदायको प्रकृतिका कारण कम्युनिस्ट विचारले थबाङका गाउँलेहरूमा सजिलै प्रभाव पार्‍यो ।

बमकुमारीले बाहिरियाहरू अर्थात् ठकुरीहरूको प्रभावले मगरहरूको परम्परागत प्रजातान्त्रिक समाजमा परिवर्तन ल्याएको दाबी गरिन् । उनले भनिन्– "उनीहरूले अठार मगरांँतको समाजमा मौसमी बाली र सामन्तवाद भित्र्याए । उनीहरूले मुखियाहरूको तहगत प्रथा र बेठबेगर प्रथा पनि लागू गरे जसले गर्दा अरू गाउँलेहरूले मुखियाको सेवा-चाकरी गर्नुपर्ने भयो । यसबाट समुदायभित्र वर्गहरूको सिर्जना भयो ।"

ठकुरीहरू र तिनका अनुयायीहरूले मगर संस्कृतिमा कस्तो परिवर्तन ल्याए भन्ने कुरा भाषाबाट स्पष्ट देख्न सकिन्छ । रोल्पा र रुकुमका विशुद्ध मगर जनसङ्ख्या भएका गाउँका मगरहरू अझै आफ्नो मौलिक खाम भाषा बोल्छन् तर ठकुरीहरू र अरू जातका मानिसहरूले बसोबास गरेका गाउँका मगरहरू भने नेपालीमात्र बोल्छन् । अठार मगरांँतका मगरहरू पहिले श्यामनवादी (अङ्ग्रेजी-नेपाली साझा सङ्क्षिप्त शब्दकोशअनुसार झाँक्रीमा विश्वास राख्ने) थिए र गाईको मासु खान्थे । हिन्दु धर्मले त्यो चलनमाथि रोक लगायो । बमकुमारी बूढाले भनिन्– "क्षेत्री र बाहुनहरू मगरहरूलाई *डाङ्रा खाने, भाङ्रा लाउने मान्छे* भनेर होच्याउँछन्, जसको अर्थ गाईको मासु खाने र भाङ्ग्राको लुगा लगाउने भन्ने हुन्छ ।"

रुकुमको माग्मा गाविसका अर्का एकजनाले पनि मलाई उस्तै कुरा सुनाए । उनको गाउँमा मगरहरूले खाम भाषा बोल्न छोडेको धेरै समय भएछ । उनले भने– "मेरो गाउँका मगरहरू के भन्ने गर्थे भने उनीहरूले बाइसे-चौबीसे राज्यको अवधिमा आफ्नो सुरक्षाको लागि जुम्लाका ठकुरीहरूलाई डाकेका थिए । के भन्न सकिन्छ भने बाहिरबाट आइलाग्ने

खतराको कारण आफ्नो जीवनलाई नयाँ साँचोमा ढाल्ने क्रममा मगरहरूले आफ्नो सुरक्षाको लागि आफ्नै इतिहासको उन्मूलन गरे ।"

बमकुमारी र माग्माका ती गाउँले के कुरा औँल्याउँछन् भने जनताको कल्याणप्रति राज्यले बेवास्ता गर्नाको कारणले वर्तमान स्थिति पैदा हुन गएको हो । उनीहरूको भनाइअनुसार राज्यका नीतिहरूले गर्दा यस क्षेत्रका मगरहरूले एकएक गर्दै आफ्ना आयस्रोतहरू गुमाउनु पऱ्यो । यहाँका मगरहरू विविध प्रयोजनका लागि गाँजा खेती गर्थे अनि त्यसबाट आउने गाँजा पञ्चायती राजमा सरकारले प्रतिबन्ध नलगाउञ्जेसम्म यहाँको राम्रो आयस्रोत थियो । त्यसपछि उनीहरू यार्सागुम्बा बेच्न थाले । कीराहरूबाट बन्ने यार्सागुम्बाको वैज्ञानिक नाम *कोर्डिसेप्स सिनेनसिस* हो जसलाई जडीबुटीजन्य औषधिहरूका रूपमा प्रयोग गरिन्छ । चीन र अरू एसियाली देशहरूमा यसको बजार राम्रो छ । तर यसमा चर्को कर लगाउने सरकारी नीतिका कारण स्थानीय मगरहरूलाई यसको बिक्री गर्न कठिन हुनगयो । भेडापालन आम्दानीको अर्को स्रोत हो । थुप्रै मगरहरू सयौँ भेडाहरूको बगाल पालेर जीवन यापन गर्थे । तर सरकारले 'सामुदायिक वन' को नीति लागू गरेर ठूला चरनहरूको अभाव हुनाले यो कामलाई निरन्तरता दिन पनि गाह्रो भयो । माग्माका गाउँलेले भने– "अब प्राण धन्नका लागि भेडाहरू बेचेर विदेशमा काम गर्न जानुबाहेक अर्को कुनै उपाय छैन ।"

बमकुमारीले 'सरकार र माओवादीबीचको वार्तामा अठार मगराँत क्षेत्रका प्रश्नहरू' भन्ने लेखमा माओवादी जनयुद्धमा मगरहरूको भूमिकाको चर्चा गरेकी छिन् जुन लेख उनले मगर समुदायका सदस्य हुनाको साथसाथै २००३ मा माओवादी वार्ता टोलीका सदस्य रहेका बादलका हातमा राखिदिएकी थिइन् (उनलाई वार्तामा मगर स्वायत्तता र खाम भाषा तथा संस्कृतिको रक्षासम्बन्धी प्रश्नलाई सम्बोधन गरिएला भन्ने आशङ्कारहित आशा थियो) । उनले लेखेकी छिन्– "राज्यको दमनबाट मगरहरूको गौरवशाली र ज्यादै मौलिक परम्परामा केही मात्रामा क्षति पुगेको भए पनि यो अझै हामीले गौरव गर्नसक्ने अवस्थामा छ । हामीलाई के लाग्छ भने अठार मगराँत क्षेत्रको मगर भाषा र मगर संस्कृतिले वर्तमान माओवादी जनयुद्धलाई तागत दिएको छ ।"

रोल्पा र रुकुम माओवादी विद्रोहबाट सबैभन्दा बढी प्रभावित क्षेत्र हुनुका पछिल्तिर निश्चय नै अनेकौँ कारणहरू छन् । यस क्षेत्रमा घटेका द्वन्द्वका सबै विभिन्न घटनाहरूलाई दाँजेर हेर्दा राज्यप्रतिको घृणाभाव एउटा प्रमुख कारण देखिन आउँछ, जुन घृणाभाव विकास हुन थालेको धेरै पहिलेदेखि हो । माओवादीले तिमीहरूका सबैभन्दा ठूला शत्रु राज्य र राजनीतिक व्यवस्था हुन् भन्ने विचार जनताका मन-मस्तिष्कमा घुसाएर यो भावनालाई उपयोग गरे । आधार इलाकामा भेटिएका माओवादी समर्थकहरूले बारम्बार प्रयोग गर्ने गरेका दुईओटा शब्द मेरा कानमा गडेर रहेका छन् । ती शब्द *घृणा* र *दुश्मन* हुन् । माथि चर्चा गरिएकी जुम्लाको आक्रमणमा आफ्नो माओवादी श्रीमान् गुमाउने १९ वर्षकी केटीले भनेकी थिइन्– "राज्यसत्तामाथि धेरै घृणा छ ।" उनले बोल्दा उनको अनुहारमा तीव्र आवेग उत्रिएको थियो । डिसेम्बर १९९६ मा प्रहरीको गोलीबाट आफ्नी निर्दोष बहिनी मारिएकी थबाङकी एक मगर महिलाले कुराकानीमा 'राज्य' लाई जनाउन घरिघरि *दुश्मन* शब्द

प्रयोग गरिन् । उनको *दुश्मन* शब्दमा प्रहरी, शाही नेपाली सेना र सरकार सबै नै परेका थिए । यी दुई शब्दले उनीहरू र अरू धेरै मानिसहरू माओवादीमा सामेल हुने प्रेरणाका मूल स्रोत के हुन् भन्ने कुरालाई इङ्गित गर्छन् ।

**धन्यवाद**

यो लेखको मूल पाठ न्यू दिल्लीस्थिति मनोहरबाट प्रकाशित पुस्तक *पोलिटिकल एण्ड सोसल ट्रान्स्फर्मेशन इन नर्थ इण्डिया एण्ड नेपालः सोसल डाइनामिक्स इन नर्दन साउथ एसिया भोल्यूम २* [जापानीज स्टडिज अन साउथ एसिया], (एच. इसिइ, डि. गेल्नर र के. नवद्वारा सम्पादित) मा प्रकाशित छ । लेखको अङ्ग्रेजी पाठ सम्पादन गरी सघाउ पुऱ्याउने डा. डेभिड गेल्नरलाई मेरो धन्यवाद छ । नेपाली अनुवाद खगेन्द्र सङ्ग्रौलाले गर्नु भएको हो ।

## सन्दर्भ-सूची

Gersony, Robert. 2003. Sowing the Wind…: History and Dynamics of the Maoist Revolt in Nepal's Rapti Hills. Unpublished report submitted to Mercy Corps International.

Maharjan, Pancha N. 2000. The Maoist Insurgency and Crisis of Governability in Nepal. In *Domestic Conflict and Crisis of Governability in Nepal*. D. Kumar, ed., pp. 163-196. Kathmandu: Centre for Nepal and Asian Studies.

*Maoist Information Bulletin - 1 (Occasional Bulletin of the Communist Party of Nepal (Maoist)* (10 January 2002). Available at www.cpnmaoist.org/cpnm/documents/ bulletin_1.htm.

*Maoist Information Bulletin - 8 (Occasional Bulletin of the Communist Party of Nepal (Maoist)* (8 January 2004). Available at www.cpnmaoist.org/cpnm/documents/ english/information_bulletin8. htm.

Ogura, Kiyoko. 2004. Realities and Images of Nepals Maoists after the Attack on Beni. *European Bulletin of Himalayan Research* 27: 67-125.

Regmi, M.C. 1978. *Thatched Huts & Stucco Palaces– Peasants and Landlords in 19th Century Nepal*. New Delhi: Vikas Publishing House.

de Sales, A. 2003. The Kham Magar Country: Between Ethnic Claims and Maoism. In *Resistance and the State: Nepalese Experiences*. D.N. Gellner, ed., pp. 326 - 357. Delhi: Social Science Press. (Also published 2000 in *European Bulletin of Himalayan Research* 19: 41 -71, 2003 in D. Thapa, ed., *Understanding the Maoist Movement of Nepal* [Kathmandu: Martin Chautari], and in French in 2003 in *Purusartha* 22: 271-301.)

Subedi, Rajaram. 2054 B.S. *Karnali Pradeshko Madhyakalin Itihas*. Kathmandu: Sajha Prakashan.

Thapa, D. with B. Sijapati. 2003. *A Kingdom under Siege: Nepal's Maoist Insurgency, 1996-2003*. Kathmandu: The Printhouse.

Whelpton, J. 1991. *Kings, Soldiers and Priests: Nepalese Politics and the Rise of Jang Bahadur Rana 1830-1857*, New Delhi: Manohar Publishers.